प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८१/८२
च.नं. :- १५१४

मिति :- वि.सं. २०८१/१२/३१
ने.स. :- ११४५ चौलागा १ आइतवार

विषयः सुझाव सङ्कलन सम्बन्धमा ।

श्री कोशी प्रदेशस्थित सम्पूर्ण स्थानीय तहहरू साथै सम्बन्धित सरोकारवाला महानुभावहरू ।
कोशी प्रदेश, नेपाल ।

प्रस्तुत् विषयमा प्रदेशको विशिष्टता र आवश्यकता अनुसारको शिक्षा प्रणालीको विकासलाई मार्गदर्शन प्रदान गर्न प्रदेश शिक्षा नीतिको आवश्यकतालाई महशुस गरी सामाजिक विकास मन्त्रालयले प्रादेशिक शिक्षा नीतिको मस्यौदा निर्माण गरेको सहर्ष जानकारी गराउँदै उक्त मस्यौदा उपर मिति २०८२ बैशाख १५ गतेभित्र मन्त्रालयको वेवसाइट www.mosdkoshi.gov.np मा रहेको प्रदेश शिक्षा नीतिको मस्यौदा अध्ययन गरी **प्रदेश शिक्षा नीति सुझाव सङ्कलन फाराम** मार्फत अमूल्य सुझाव प्रदान गरिदिनु हुन हार्दिक अनुरोध छ । साथै, तपसिलमा रहेको गुगल लिङ्क (Google link) र QR Code बाट पनि सुझाव दिन सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

१. QR Code

२. https://forms.gle/iaoBDGMVFbXHq5TU7

(लक्ष्मी न्यौपाने)
उपसचिव

# प्रदेश शिक्षा नीति, २०८२

(प्रदेश सरकार, मन्त्रिपरिषदद्धारा मिति २०८२।०१।... मा स्वीकृत)

मस्यौदा २०८२-१२-३१

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

## विषयसूची


१. पृष्ठभूमि ........ १
२. प्रदेश शिक्षा नीतिको आवश्यकता ........ ३
३. विद्यमान अवस्था ........ ४
४. समस्या, चुनौती र अवसर ........ ६
५. दूरदृष्टि ........ ७
६. लक्ष्य ........ ७
७. उद्देश्य ........ ७
८. नीति, रणनीति र कार्यनीति ........ ९
९. संस्थागत व्यवस्था ........ ३६
१०. आर्थिक पक्ष ........ ३६
११. कान◌ुनी व्यवस्था ........ ३७
१२. अनुगमन तथा मूल्याङ्कन ........ ३७
१३. जोखिम तथा जोखिम न्यूनीकरण ........ ३८
१४. नीति परिमार्जन तथा संशोधन ........ ३९
१५. खारेजी र बचाउ ........ ३९


मस्यौदा २०८१-१२-३१

## १. पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रूपान्तरणको मूल आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनका लागि सशक्त भूमिका खेल्न सक्छ । त्यसैले समाज रूपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरण संरक्षणको एक प्रभावशाली शक्ति एवम् उत्प्रेरक माध्यमका रूपमा शिक्षा रहँदै आएको छ । देशको समग्र विकास, समृद्धि र सुशासनमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षालाई उत्पादनमूलक एवम् व्यावहारिक बनाई गुणस्तरीय शिक्षामा सबै नागरिकको समन्यायिक पहुँच स्थापित गराउनु राज्यको प्रमुख दायित्त्व हो ।

शिक्षा क्षेत्रलाई विकास तथा सुधारका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेश स्तरबाट विभिन्न नीतिगत व्यवस्थाको प्रावधान तथा अभ्यासहरू हुँदै आइरहेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकअन्तर्गत व्यवस्था गरेको छ । संविधानको धारा ३१ मा भएको शिक्षासम्बन्धी हकले शिक्षालाई नागरिकको आधारभूत अधिकारका रूपमा व्यवस्था गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको व्यवस्थासँगै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । साथै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, सुस्त श्रवण तथा बोलाइसम्बन्धी समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा समेत उल्लेख गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकअन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ ।

यसै गरी संविधानको धारा ३९ मा बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास र बाल सहभागिताको हक रहेको उल्लेख गरिएको छ साथै बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थानमा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसै गरी धारा ४० मा दलितको हकअन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्तिसहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । नेपालको संविधानको धारा ५१ (ज) मा भएको व्यवस्था अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक, जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा राज्यको लागानी अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सहज गुणस्तरीय र पहुँचयुक्त बनाई क्रमशः निशुल्क बनाउदै लैजाने र नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।

दिगो विकास लक्ष्य (२०१६-२०३०) ले तय गरेका १७ लक्ष्यहरूमध्ये लक्ष्य नम्बर ४ मा शिक्षासम्बन्धी व्यवस्था गरेको छ जसमा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चत गर्ने र सबैका लागि जीवनयर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ। दिगो विकास लक्ष्यले निःशुल्क, समतामूलक तथा गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षाको सुनिश्चितताको व्यवस्था गरेको छ भने उच्च शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने, शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्नेर सबै युवामा साक्षरता तथा गणितीय सिप हासिल गर्ने कुराको सुनिश्चितता गर्ने जस्ता लक्ष्यहरू राखेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधीमैत्री, रोजगारमूलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य राखिएको छ। विद्यालय शिक्षा क्षेत्रको योजना (२०७९-२०८८) ले सक्षम, सिर्जनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक, सामाजिक रूपान्तरण गरी समृद्ध नेपाल र सुखी नेपालीको आकाङ्क्षा पूरा गर्ने सोच राखेको छ भने सक्षम, सुशासित, जवाफदेही र प्रतिस्पर्धात्मक सार्वजनिक विद्यालय शिक्षा प्रणालीको विकास गर्ने लक्ष्य राखेको छ। मूलत: यस योजनाले पहुँच तथा सहभागिता, समता तथा समावेशिता, गुणस्तर तथा सान्दर्भिकता, सुशासन तथा व्यवस्थापन, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ, सुरक्षित तथा बालमैत्री वातावरण र विपद् व्यवस्थापन शिक्षामा जोड दिएको छ।

सोह्रौँ योजना (२०७९-२०८८) ले नीतिगत  र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने, सबै तहको शिक्षाको पाठ्यक्रम एवम् शैक्षिक कार्यक्रम समसमायिक र व्यावहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने, राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने, शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्ने, गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने, शैक्षिक सुशासन सुनिश्चित गर्ने जस्ता पक्षलाई जोड दिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा ६ को उपदफा (१) मा स्थानीय तह मार्फत राज्यले ४ वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने उल्लेख हुनुका साथै दफा २० को उपदफा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारको विषय उल्लेख छ।

कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८८/८१)ले "शिक्षित नागरिक: मानवपुँजी सहितको उन्नत प्रदेश" रहने सोच राखेको थियो भने गुणस्तरीय शिक्षाद्वारा मानव विकास उच्च भई प्रदेशको समृद्धिमा योगदान पुगेको हुने भन्ने लक्ष्य राखेको थियो। त्यसै गरी उद्देश्यका रूपमा पूर्ण साक्षर प्रदेश निर्माण गर्नु, आधारभूत तथा माध्यमिक तहमा विद्यालय उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु तथा शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र सीपमूलक बनाई रोजगारीसँग आबद्ध गर्नु  भन्ने रहेको थियो।

कोशी प्रदेशको दोश्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) ले शिक्षाको  क्षेत्रगत सोचका रूपमा समतामूलक, गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र राष्ट्रप्रति समर्पित मानवीय पूँजीको विकास गर्नु रहेको छ।

स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान्, नैतिकवान् मानव संसाधनको विकास गर्ने लक्ष्य लिएको छ । साथै विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर र जीवनोपयोगी बनाउने कुरामा जोड दिएको छ भने प्राविधिक शिक्षामा सहज पहुँच र उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने र विद्यालय शिक्षामा आधुनिक प्रविधिको प्रयोगमा जोड दिएको छ।

कोशी प्रदेशको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमले विद्यालय बाहिर रहेका मूलतः वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याई शिक्षा प्रदान गर्ने पक्षमा जोड दिँदै शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, सीपयुक्त, रोजगार एवम् सूचनामैत्री बनाउने कुरामा जोड दिएको छ । साथै भौतिक पक्षको विकास तथा व्यवस्थापकीय क्षमताको सुधारमा विशेष जोड दिएको छ ।

यस पृष्ठभूमिमा कोशी प्रदेश सरकारले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" भन्ने सोचलाई यथार्थमा बदल्न प्रदेशको दिगो विकास र समृद्धिका लागि शिक्षालाई एक सशक्त माध्यमका रूपमा स्वीकार गरेको छ । प्रदेश सरकार स्थापनापश्चात् प्रदेश तहको विशिष्ट परिवेश र आवश्यकता समेतलाई सम्बोधन हुने गरी आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममार्फत शिक्षाका गन्तव्यहरू तय गरेको छ । संवैधानिक प्रावधान, राष्ट्रिय शिक्षा नीति २०७६, कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-०८०/८१) तथा दोश्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) एवम् प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रममार्फत् घोषणा गरेका शैक्षिक नीतिका साथै दिगो विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्य पूरा गर्न शिक्षालाई स्थानीय आवश्यकतासँग आबद्ध गरी सबल र व्यावहारिक प्रदेश शिक्षा प्रणालीको विकास गर्नु प्रदेश सरकारको प्रमुख दायित्त्व रहेको छ ।

त्यसैले प्रदेशको समग्र विकासको दृष्टिकोणका आधारमा शैक्षिक विकासका कार्यदिशा तथा प्राथमिकताहरू निर्धारण गर्न शिक्षाका ठोस लक्ष्य, उद्देश्य, नीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिनु आवश्यक छ । यही वास्तविकतालाई आत्मसात् गर्दै प्रदेशको शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमा कोशी प्रदेश सरकारबाट कोशी प्रदेश शिक्षा नीति, २०८२ तर्जुमा गरिएको हो ।

## २. प्रदेश शिक्षा नीतिको आवश्यकता

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय व्यवस्था गर्नुका साथै शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल तथा साझा अधिकारका रूपमा कार्यक्षेत्र समेत निर्धारण गरेको अवस्थामा नागरिकका संविधान प्रदत्त शैक्षिक अधिकारहरूको कार्यान्वयनको सुनिश्चितता गरी प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र सूचीकृत शिक्षासम्बन्धी विषयलाई समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्नु, शिक्षामा सबैको समन्यायिक पहुँच सुनिश्चित गरी प्रदेशको आवश्यकता अनुरूपको दक्ष एवम् गुणस्तरीय जनशक्ति उत्पादन गर्नु, स्थानीय तहको क्षमता विकासका लागि आवश्यक स्रोत साधनको उपलब्धता र नीतिगत एवम् कानुनी सहजीकरणको प्रबन्ध गर्नु प्रदेश सरकारको मुख्य जिम्मेवारी हो । यसका लागि सङ्घीय र स्थानीय सरकारले गरेका पहुँच, गुणस्तर र

सुशासनसम्बन्धी शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू बिचको दुरी पहिचान गरी विद्यमान कार्यक्रमहरूको कार्यान्वयनमा थप सहजता प्रदान गरी शिक्षा क्षेत्रमा प्रभावकारिता ल्याउन आवश्यक छ। यही आवश्यकता बोध गर्दै प्रदेशका विशिष्टताको पहिचान गरी सो अनुसारका प्रादेशिक शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट शिक्षालाई प्रदेशको समृद्धिको आधार बनाउने प्रदेश सरकारको अठोट र सङ्कल्प पूरा गर्न कोशी प्रदेश शिक्षा नीतिको आवश्यकता देखिएको छ।

यसै गरी नेपाल सरकारले शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धता, दिगो विकासको लक्ष्य, अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति हुने लक्ष्य तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवम् प्रदेश सरकार कार्य विभाजन नियमावली २०७९ र कोशी प्रदेशको दोश्रो आवधिक योजनाका लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउन प्रदत्त नीतिगत आधारहरू प्रादेशिक आवश्यकता र स्थानीय प्राथमिकताको सन्तुलित, विभेदरहित, गुणात्मक, मूल्य प्रवर्द्धन गर्ने र सामाजिक सद्भाव सुनिश्चित गर्ने शिक्षाको सुनिश्चितताका लागि प्रदेश शिक्षा नीति आवश्यक भएको हो।

## ३. विद्यमान अवस्था

कोशी प्रदेशमा १४ जिल्लाहरू रहेका छन्। प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ ओटा स्थानीय तहहरू रहेका छन्। यस प्रदेशमा जम्मा ७,०२० विद्यालयहरू रहेका छन्। जसमा ५,२८८ सामुदायिक विद्यालयहरू रहेका छन् भने संस्थागत विद्यालयहरू १,४८५ र धार्मिक विद्यालयहरू २४७ रहेका छन्। विद्यालय तहमा जम्मा ११,५९,७५३ जना विद्यार्थी अध्ययनरत रहेका छन्। अध्ययनरत विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयमा ७,९६,८३७ जना र संस्थागत विद्यालयमा ३,६२,९१६ रहेका छन्। त्यसै गरी नमुना विद्यालयहरू ९४ ओटा रहेका छन् भने प्रदेश सरकारको सोंच र सहयोगमा अगाडि बढेका ठूला विद्यालय (Big School) हरू ३ ओटा निर्माणाधीन अवस्थामा छन्। यस प्रदेशका ४८ ओटा सामुदायिक विद्यालयहरूमा ७२ ओटा स्रोत कक्षाहरू सञ्चालनमा रहेका छन्। जसमध्ये बहिरा तथा सुस्तश्रवण स्रोत कक्षा ३४ ओटा, बौद्धिक अपाङ्गता स्रोत कक्षा २६ ओटा र दृष्टिविहीन स्रोत कक्षा कक्षा १२ ओटा रहेका देखिन्छन्। यसैगरी विशेष विद्यालयहरूको सङ्ख्या ५ रहेको छ। त्यसै गरी १३ जिल्लामा लेखाजोखा केन्द्रहरू सञ्चालन रहेका छन्। (स्रोतः IEMIS 2081 र सामाजिक विकास मन्त्रालय)

यस प्रदेशमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) का आङ्गिक शिक्षालयहरू ७ ओटा, साझेदार शिक्षालयहरू १४ ओटा, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम सञ्चालित विद्यालयहरू ४३ ओटा, निजी प्राविधिक शिक्षालयहरू ४९ ओटा र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित सामुदायिक विद्यालयहरू १०२ ओटा रहेका छन्। उच्च शिक्षातर्फ पूर्वाञ्चल विश्वविद्यालय, वि. पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रादेशिक विश्वविद्यालयका रूपमा मनमोहन प्राविधिक विश्वविद्यालयका रहेका छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ८७ र पूर्वाञ्चल विश्वविद्यालयवाट सम्बन्धन प्राप्त १० गरी जम्मा ९७ ओटा सामुदायिक क्याम्पस रहेका छन् भने आङ्गिक क्याम्पसहरूको जम्मा सङ्ख्या २४

रहेको छ । त्यसै गरी ३२३ ओटा सामुदायिक सिकाइ केन्द्रका साथै १५२ ओटा सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरू रहेका छन् भने ५१ ओटा सङ्ग्रहालयहरू रहेका छन्। कोशी प्रदेशमा ३ ओटा मेडिकल कलेजहरू रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार यस प्रदेशको कूल जनसङ्ख्या ४९,६१,४१२ रहेको छ। सो मध्ये ४८.७ पुरुष र ५१.३ महिला रहेका छन्। लैङ्गिक अनुपात ९५.२ प्रतिशत रहेको छ। यस प्रदेशको अपाङ्गता भएको जनसङ्ख्याको प्रतिशत २.४ रहेको छ भने महिलाको भन्दा पुरुषको अपाङ्गता सङ्ख्या बढी रहेको छ। त्यसै गरी जनगणना २०७८ अनुसार यस प्रदेशको साक्षरता प्रतिशत ७९.७ रहेको छ। जसमा पुरुषको साक्षरता ८६.१ र महिलाको साक्षरता ७३.६ प्रतिशत रहेको छ। नेपाल सरकारले तय गरेको १५ देखि ६० वर्ष उमेरसमूह ९५ प्रतिशत वा सो भन्दा माथि साक्षर भएमा साक्षर प्रदेश घोषणा गर्न सकिने मापदण्ड अनुसार १४ ओटा जिल्ला साक्षर घोषणा भइसकेपछि २०७९ भाद्र २३ गते यस प्रदेश साक्षर प्रदेशका रुपमा घोषणा गरिएको हो। कक्षा १२ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्या हेर्दा यस प्रदेशमा सबै भन्दा बढी व्यवस्थापन सङ्काय अध्ययन गर्नेको सङ्ख्या ३४.९ प्रतिशत रहेको छ। त्यसै गरी शिक्षाशास्त्र सङ्कायतर्फ ३३.६ प्रतिशत, मानविकी तथा समाजिकशास्त्र सङ्कायतर्फ १२.३ प्रतिशत, विज्ञान सङ्कायतर्फ ६.३ प्रतिशत, स्वास्थ्य तथा चिकित्साशास्त्र ३.७ प्रतिशत, इन्जिनियरिङ्तर्फ २.१ प्रतिशत, कानुन सङ्कायतर्फ ०.७ प्रतिशत, कृषितर्फ ०.५ प्रतिशत, वनतर्फ ०३ प्रतिशत, पशु विज्ञानतर्फ ०२ प्रतिशत, सूचना प्रविधितर्फ ०.९ प्रतिशत र अन्यतर्फ १६ प्रतिशत अध्ययन गर्नेको सङ्ख्या यस प्रदेशमा रहेको छ।

वि. सं. २०८० (सन् २०२४) को विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अनुसार पूर्व प्राथमिक तहको कुल भर्नादर (GER) ८८.० र खुद भर्नादर (NER) ६७.२ प्रतिशत रहेको छ जुन राष्ट्रिय स्तरको भन्दा कम रहेको छ तर बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीको दर ७७.७ प्रतिशत रहेको छ जुन राष्ट्रिय स्तर भन्दा २.८ प्रतिशतले बढी छ। आधारभूत तहतर्फ कक्षा (१-५) को कुल भर्नादर (GER) ११८.८ र कक्षा (६-८) १००.६ प्रतिशत रहेको छ। माध्यमिक तहको कुल भर्नादर (GER) कक्षा (९-१०) को ९५.३ र कक्षा (११-१२) को ६६.८ प्रतिशत रहेको छ। आधारभूत तहतर्फ कक्षा (१-५) को खुद भर्नादर (NER) ९६.९ र कक्षा (६-८) को ८२.९ प्रतिशत रहेको छ। माध्यमिक तहको खुद भर्ना दर कक्षा (९-१०) को ८१.१ र कक्षा (११-१२) को ३६.६ प्रतिशत रहेको छ। कक्षा दोहोऱ्याउने दर आधारभूत तहको कक्षा १-५ मा ७.३ र कक्षा ६-८ मा १.२ प्रतिशत रहेको छ। यसै गरी माध्यमिक तहको कक्षा दोहोऱ्याउने दर कक्षा (९-१०) को २.७ प्रतिशत रहेको छ। कक्षा छोड्ने दरतर्फ आधारभूत तहको कक्षा (१-५) मा २.८ र कक्षा (६-८) मा ३.२ प्रतिशत छ भने माध्यमिक तह कक्षा (९-१०) को ०.८ प्रतिशत रहेको छ। लैङ्गिक समता सूचक आधारभूत तहमा ०.९९ रहेको छ भने माध्यमिक तहमा १.०४ रहेको छ। विद्यार्थी शिक्षक अनुपातलाई हेर्दा आधारभूत तह कक्षा (१- ५) मा प्रति शिक्षक १८ जना र कक्षा (६- ८) मा प्रति शिक्षक ३७ जना विद्यार्थी रहेको देखिन्छ। NARN Report 2020 अनुसार कक्षा ३ का बालकालिकाहरूको पढाइको अवस्था ४२.५३ रहेको छ भने गणितीय सीपको अवस्था ३३.१७ रहेको छ । त्यसै गरी NASA प्रतिवेदन २०२२ को कक्षा ८ को सिकाइ उपलब्धि हेर्दा गणित विषयमा एक हजारमा ४८३ रहेको छ भने कक्षा १० मा ४९१ रहेको छ। त्यसै गरी नेपाली विषयको ५०५ रहेको छ।

यी सूचकहरूले विद्यालय तहका बालबालिकाहरू मूलतः प्रारम्भिक कक्षाका बालबालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गर्नु पर्ने, विद्यालय तहका बालबालिकाहरू विशेष गरी सीमान्तकृत तथा अपाङ्गता भएकाहरूको पहुँचमा सुधार तथा गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने, आन्तरिक सक्षमतामा अझै सुधार गर्नु पर्ने तथा प्राविधिक विषयतर्फ विद्यार्थीहरूको पहुँच वृद्धि गर्नु पर्ने अवस्था देखाएको छ ।

## ४. समस्या, चुनौती र अवसर

**समस्याहरू**

विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँच प्रदान गर्न, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दरमा अपेक्षित सुधार गर्न, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क रुपमा कार्यान्वयन गर्न, माध्यमिक तहको शिक्षालाई निःशुल्क गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा ल्याउन, शिक्षामा रूपान्तरण गरी सार्वजनिक शिक्षाप्रति अभिभावकको सकारात्मक धारणा बनाउन, विद्यालय नक्साङ्कन तथा समायोजन गर्न, विषयगत एवम् तहगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्न, प्राविधिक शिक्षामा विद्यार्थीको भर्नादर वृद्धि गर्न, प्राविधिक धार (९-१२) र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद मार्फत सञ्चालित प्राविधिक शिक्षालाई समरुपमा अगाडि बढाउन, सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न, विद्यार्थीको रुचिअनुसार शिक्षणका नवप्रवर्तन सहितको शिक्षण कार्य गराउन, शिक्षकको पेशागत विकास तथा सहयोगमा उल्लेखनीय परिवर्तन ल्याउन जस्ता प्रमुख समस्याहरू रहेका छन् ।

**चुनौती**

सबैका लागि समतामूलक गुणस्तरीय शिक्षा विशेष गरी सामाजिक-आर्थिक रूपले पछि परेका तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकालाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, कोशी प्रदेशको श्रम बजारले माग गरे अनुसारको जनशक्ति उत्पादनका लागि सङ्घीय तहको एकल पाठ्यक्रम मात्र प्रयोग गरी अगाडी बढ्न, सामुदायिक र संस्थागत विद्यालयबीच रहेको Educational eco-system भित्रको दुरी कम गर्न, आवश्यक देखिएका विद्यालय समायोजनका साथै कक्षा घटाउन, दरवन्दी मिलान कार्यदलले सिफारिस गरेअनुसार शिक्षकहरूको दरबन्दी मिलान गराउन, शिक्षकहरूलाई समय सान्दर्भिक तालिम प्रदान गरी कक्षाकोठामा लागू गराउन, अभिभावकको मागअनुसार सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट शिक्षण कार्य गराउन, दिवा खाजा व्यवस्थित गर्न, सबै कक्षाकोठालाई प्रविधिमैत्री बनाउन, टिकाउ दर बढाउन, सामुदायिक विद्यालयमा खासगरी आदिवासी जनजाति, दलित, विपन्न र विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन, गरिब, विपन्न र पिछडिएको वर्गमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको पहुँचमा अभिवृद्धि गर्न, विद्यालय तथा उच्च शिक्षाका केन्द्रहरूमा सुशासन कायम गराउन, विद्यालय शिक्षा र उच्च शिक्षावीच तालमेल गराउन, तीन तहका सरकारअन्तर्गत स्थापित शिक्षाका निकायहरूवीच समन्वय, सहकार्य र समान बुझाइसहित संविधान र अन्य कानुनी प्रावधानअनुसार शैक्षिक गतिविधि गराउन, स्थानीय सरकारलाई शिक्षासम्बन्धी जिम्मेवारी र अधिकार बहन गर्न सक्ने गरी संस्थागत क्षमता विकास गर्नु, आवश्यक स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक शिक्षाप्रतिको जनविश्वास कायम गर्न जस्ता विषयहरू प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**अवसर**

शिक्षालाई तीनवटा तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी समन्वय, सहकार्य र साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने, प्रदेश र स्थानीय तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसरहरू हाम्रो सामु रहेका छन् । प्रदेश सरकारबाट मनमोहन प्राविधिक विश्वविद्यालय मार्फत प्राविधिक शिक्षाको विस्तार गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्दै देशको आर्थिक विकासमा टेवा पुर्‍याउन सकिने एवम् रोजगारको खोजीमा विदेश पलायन हुने युवा जनशक्तिलाई स्वदेशमै स्वरोजगार र उद्यमशील बनाउन सकिने अवसर छ । उच्च शिक्षाको क्षेत्रमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज तथा अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी कोशी प्रदेशलाई पर्यटन, जलस्रोत, कृषि तथा सूचना प्रविधि विकास लगायतका विषयमा उच्च शिक्षा अध्ययनको केन्द्र वातावरण तयार गर्न सकिने अवसर हाम्रो सामु रहेका छन् ।

साथै शिक्षालाई उच्च प्राथमिकतामा राख्नु, शिक्षामा अभिभावकको चासो र सरोकार बढ्दै जानु, प्राविधिक तथा उच्च शिक्षामा आकर्षण तथा लगानी बढ्नु, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी प्रादेशिक संरचना निर्माण गर्नु, पाठ्यक्रम विकास, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रादेशिक नीति कार्यान्वयन तथा नियमन सम्बन्धी कार्य प्रदेशको कार्यक्षेत्रमा हुनु, शिक्षक तालिम र माध्यमिक परीक्षा सञ्चालनमा प्रदेशको भूमिका रहनु, विश्वविद्यालयको स्थापना गर्नसक्ने अधिकार प्रदेश सरकारमा रहनु, प्रदेश विश्वविद्यालय स्थापना भई काम शुरुवात हुनु आदि अवसरका रुपमा रहेका छन् ।

## ५. दूरदृष्टि

"सक्षम, सिर्जनशील र संस्कारयुक्त जनशक्तिको अभिवृद्धि: कोशी प्रदेशको समृद्धि"

## ६. लक्ष्य

गुणस्तरीय शिक्षाको माध्यमबाट आत्मनिर्भर, प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनशील मानव पुँजी विकास गरी स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणमा योगदान गर्ने ।

## ७. उद्देश्य

- विद्यालय तहको शिक्षामा सबैको समतामूलक पहुँच, सहभागिता र गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) एवम् सिपका अवसरहरूको विस्तार गरी उद्यमी, उत्पादनशील र सक्षम जनशक्ति तयार पार्नु,
- उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक र उत्पादनमुखी बनाउँदै ज्ञानमा आधारित समुन्नत/समृद्ध समाज र स्वाधीन अर्थतन्त्र निर्माणमा टेवा पुयाउनु,

- निरन्तर एवम् वैकल्पिक शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु,
- विविधता, समता एवम् समावेशी मूल्य, मान्यतामा आधारित भई विद्यालय शिक्षा प्रणालीलाई सुदृढ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु,
- शिक्षा प्रणालीमा सम्बद्ध जनशक्तिको योग्यता, सक्षमता एवम् सचेतना अभिवृद्धि गरी जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन र उत्तरदायित्वमा सुधार गर्नु,
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई जोड दिंदै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन र नियन्त्रण गरी सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु,
- विज्ञान तथा प्रविधि मार्फत व्यक्तिमा वैज्ञानिक चिन्तन एवम् व्यवहारको विकास गर्दै आधुनिक सूचना तथा सञ्चार प्रविधिलाई समग्र शैक्षिक प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गर्नु ।

मस्यौदा २०७९-१२-३१

## ८. नीति, रणनीति र कार्यनीति

**प्रारम्भिक बालविकास तथा शिक्षा**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| १. प्रारम्भिक बालविकास तथा शिक्षालाई सबलीकरण गरी विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्ने। | १.१ प्रारम्भिक बालविकास तथा शिक्षाको लागि प्रदेश स्तरीय मापदण्ड तयार गर्ने। | १.१.१ प्रारम्भिक बालविकास तथा शिक्षाको प्रादेशिक मापदण्ड तयार गरी कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग एवम् सहजीकरण गरिनेछ |
| | १.२ प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने। | १.२.१ बालविकास केन्द्रको नक्साङकन, समायोजन, पुनर्वितरण र व्यवस्थापनमा सहजीकरण गरिनेछ। <br> १.२.२ कम्तीमा एक विद्यालय एक प्रारम्भिक बालविकास तथा शिक्षा कक्षाको स्थापनामा स्थानीय तहसँग सहजीकरण तथा समन्वय गरिनेछ। <br> १.२.३ प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्थाका लागि सहयोग गरिनेछ। <br> १.२.४ कक्षा १ मा प्रवेश हुनुभन्दा अगाडी १ वर्षको शिशुस्याहार कक्षा र शिशुस्याहार कक्षा पछि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा गरी २ वर्षे पूर्व प्राथमिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ। |
| | १.३ प्रारम्भिक बालविकास तथा शिक्षाको विकास तथा विस्तारका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने। | १.३.१ प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूमा आवश्यक सुविधा सामग्री सहितको न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरी नमुना बालविकास केन्द्र विकासका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। <br> १.३.२ वार्षिक रूपमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा उत्कृष्टता प्रदर्शन गर्ने विद्यालय एवम सहजकर्ता/शिक्षक |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | पहिचान गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ र असल अभ्यासहरू सार्वजनिकीकरण गरिनेछ । <br>१.३.३ प्रारम्भिक बालविकास तथा शिक्षाको विकास र विस्तारका लागि सङ्घ, स्थानीय तह तथा विभिन्न साझेदारी निकायहरूको सहकार्यमा अभिभावक शिक्षा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरिनेछ । |
| | १.४ बालविकास सहजकर्ताहरू/शिक्षकहरूको क्षमता विकासमा जोड दिने । | १.४.१ तोकिएको योग्यता कक्षा १२ उत्तीर्ण र ९० घण्टा बराबरको तालिम प्राप्त सहजकर्ताहरू/शिक्षकहरूबाट मात्र बालविकास तथा शिक्षाको सिकाइ सहजीकरण हुने व्यवस्था कार्यान्वयन गर्न मापदण्डको विकास गरी स्थानीय सरकारलाई सहयोग, समन्वय र सहकार्य गरिनेछ। <br>१.४.२ बालविकास सहजकर्ताहरू/शिक्षकहरूलाई तोकिएको पाठ्यक्रम अनुसारको खेल्दै सिक्दै तथा प्रविधिमा आधारित सिकाइ सहजीकरण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । |

**आधारभूत तथा माध्यमिक शिक्षा**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| २. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षाको संवैधानिक प्रावधान कार्यान्वयनका लागि | २.१ विद्यालय शिक्षा उमेर समूहका सबै बालबालिकाहरूको आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने । | २.१.१ शैक्षिक सत्रको सुरू महिनाभित्र सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउनका लागि कार्यविधी तयार गरी कार्यान्वयन गर्न सबै स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ । <br>२.१.२ विद्यार्थी सङ्ख्या र भौगोलिक दुरीका आधारमा विद्यालय नक्साङ्कन गरी आवश्यकता अनुसार विद्यालय समायोजन तथा कक्षा घटाउने साथै कक्षा थप र तह बढाउने कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ । <br>२.१.३ अपाङ्गता भएका साथै अन्य विविध कारणले विद्यालय आउन नसक्ने |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिताको सुनिश्चितता गर्दै गुणस्तर र सान्दर्भिकता अभिवृद्धि र सुशासन प्रवर्द्धन गर्ने । | | बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चितताका लागि गृह वा समुदाय विद्यालय अवधारणा लागू गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>२.१.४ स्थानीय तहको समन्वय तथा सहकार्यमा बालबालिकाहरूको शिक्षामा पहुँचका उपायहरू पहिचान गरी हिमाली तथा पहाडी क्षेत्रमा आवासीय विद्यालय, सडक सञ्जाल राम्रो भएका क्षेत्रमा यातायातको सुविधा सहितको भएको विद्यालय र शहरी तथा तराई क्षेत्रमा वृहत्त विद्यालय (Big School) को विकास गरिनेछ ।<br>२.१.५ न्यून विद्यार्थी सङ्ख्या, समुदायको कम सहयोग साथै कमजोर भौतिक संरचना र फितलो विद्यालय प्रशासन एवं आधुनिक सूचना प्रविधिको अभाव भएका सामुदायिक विद्यालयहरूलाई समन्वय गरी नजिकको कुनै विद्यालयलाई केन्द्र मानेर बृहत् विद्यालय विकास गरी सञ्चालन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।<br>२.१.६ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको व्यवस्था सुनिश्चित भएको स्थानीय तह घोषणा गर्न स्थानीय तहलाई सहजीकरण गरिने र त्यसका लागि प्रदेशमा एक संयन्त्र बनाई स्थानीय तहलाई प्रोत्साहित गरिनेछ ।<br>२.१.७ वृहत विद्यालय (Big School) को गुणस्तर र विकासका लागि प्रदेशस्तरीय वृहत विद्यालय ढाँचा (Big School Framework) को विकास गरी कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ । |
| | २.२ बालबालिकाहरूलाई विद्यालय शिक्षा प्रणालीमा टिकाई राख्न सघन क्रियाकलापहरू सञ्चालन गर्ने । | २.२.१ बालबालिकाहरूलाई कक्षामा टिकाइ राख्नका लागि स्थानीय तह र अभिभावकसँगको सहकार्यमा दिवा खाजालाई कक्षा ८ सम्म विस्तार गर्न तथा खाजा कार्यक्रमलाई स्थानीय उत्पादन (रैथाने) मा जोड्ने कार्यलाई थप व्यवस्थित बनाउनका लागि सङ्घ तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै स्थानीय तहको क्षमता विकास गरिने छ ।<br>२.२.२ दाताहरूको सहयोगमा विद्यालयमा अक्षयकोष स्थापना गरी सोको व्यवस्थापन गर्न र बहुविधा र बहुप्रतिभाका साथै अभिभावकविहीन र गरीव परिवारका विद्यार्थीका लागि विपन्न लक्षित छात्रवृत्ति प्रदान गर्न स्थानीय तहलाई सहजीकरण गरिने र प्रदेश स्तरमा पनि विद्यार्थी छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ । |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | २.२.३ संकटापन्न बालबालिकाको लागि लक्षित गरी दिवा आवास सहितको सिकाइ कार्य गर्न स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ। |
| | २.३ बालबालिकाहरूका लागि न्युनतम सिकाइ वातावरण सुनिश्चत गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने। | २.३.१ स्थानीय तह तथा विभिन्न निकायहरूसँगको समन्वयमा सिकाइका न्यूनतम वातावरण सुनिश्चितताका लागि मापदण्ड तयार गरी सोको कार्यान्वय गर्न स्थानीय तहहरूसँग सहकार्य तथा साझेदारी गरिनेछ।<br>२.३.२ विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, चमेना गृह, पुस्तकालय, बुक कर्नर जस्ता विपद् प्रतिरोधी भौतिक पूर्वाधार तथा बालबालिकामैत्री शैक्षिक पूर्वाधार निर्माण गर्न स्थानीय तहहरू समेतको सहयोगमा प्रदेश सरकारबाट आधारभूत ड्रइङ, डिजाइन र मापदण्ड तयार गरी सो लागू गर्न विद्यालय तथा स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>२.३.३ हरेक विद्यालयमा बालबालिकाहरूको सिर्जना तथा सिकाइलक्षित सामग्री व्यवस्थापन गर्न एक छुट्टै प्रदर्शनी कक्ष व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य तथा सहजीकरण गरिनेछ।<br>२.३.४ सिकाइ वातावरणको न्युनतम मापदण्ड पूरा गर्दै आधारभूत विद्यालयहरूलाई बालमैत्री विद्यालयका रूपमा विकास तथा विस्तार गरिनेछ।<br>२.३.५ स्थानीय तहहरूसँगको सहकार्यमा हरित विद्यालय तथा बाल उद्यान निर्माण गरिनेछ।<br>२.३.६ प्रदेशको आवश्यकता अनुसार विभिन्न विषय तथा स्रोत साधनका आधारमा विशिष्टीकृत विद्यालय सञ्चालन गर्न स्थानीय तहको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ। |
| | २.४ शिक्षण सिकाइ क्रियाकलापमा नवीनतम प्रणाली विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने। | २.४.१ प्रदेशस्तरीय शैक्षिक गुणस्तर मानकको विकास गरी कार्यान्वयन गर्न स्थानीय तहको क्षमता विकास गर्नुका साथै सहकार्य तथा सहजीकरण गरिनेछ।<br>२.४.२ विकसित छिमेकी राष्ट्रहरूको शैक्षिक मोडेलहरूको समेत अध्ययन अवलोकन गरी प्रदेशको आवश्यकता र विशिष्टताअनुसार सिकाइ क्रियाकलापहरू परिवर्तन तथा लागू गर्न प्रोत्साहित गरिनेछ।<br>२.४.३ कक्षा १-३ का बालबालिकाहरूको पढाइ तथा गणितीय सीपको सुधार तथा विकास लक्षित क्रियाकलापहरू सञ्चालनका लागि स्थानीय तहलाई थप सहयोग तथा सहजीकरण गरिनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | २.४.४ विद्यालयका हरेक कक्षाकोठाहरू नवीनतम सूचना प्रविधियुक्त बनाउन र सोको प्रयोगका लागि सवै शिक्षकहरूलाई दक्ष बनाउन स्थानीय तहसँग सहकार्य तथा सहजीकरण गरिनेछ।<br>२.४.५ माध्यमिक तहका कक्षाहरूलाई विषयगत ल्याव (Lab) सहितका कक्षाकोठाका रुपमा विकास गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्थानीय तहलाई सहजीकरण तथा प्रोत्साहन गरिनेछ।<br>२.४.६ शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्री निर्माण तथा सिकाइ सहजीकरण लक्षित No cost and low cost विधिबाट शैक्षिक सामग्री उत्पादन गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>२.४.७ विज्ञान शिक्षा प्रवर्द्धन कार्यक्रमलाई अझ व्यवस्थित गर्दै विद्यार्थीहरूले उत्पादन गरेका विज्ञान सामग्रीहरूको प्रदर्शनी मार्फत स्वच्छ प्रतिस्पर्धा गराई प्रदेशस्तरमा वैज्ञानिक जनशक्ति उत्पादन गर्न स्थानीय तहसँग समन्वय तथा सहजीकरण गरिनेछ।<br>२.४.८ पाठ्यक्रम तथा शिक्षक निर्देशिकावाट निर्देशित, विश्वव्यापी ढाँचामा आधारित साथै विद्यार्थीको रुची र आवश्यकता केन्द्रित विधिहरूको पहिचान गरी स्वः प्रयत्नको प्रयोग समेतवाट शिक्षण रणनीतिहरूको प्रयोग मार्फत सहज सिकाइ सहजीकरणका लागि शिक्षक क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२.४.९ विद्यालय शिक्षाका लागि तोकिए बमोजिमका पाठ्यक्रम कार्यान्वयनको अवस्था र प्रभावकारीताका लागि प्रदेशस्तरीय पाठ्यक्रम कार्यान्वयन सहजीकरण संयन्त्रको विकास गरी स्थानीय तहलाई सहजीकरण गरिनेछ। |
| | २.५ पाठ्यक्रम निर्माण, पाठ्यसामग्री विकास, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने। | २.५.१ विद्यालयहरूमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम तथा पाठ्यपुस्तक, थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग गर्न एवम् स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र प्रयोग गर्नका लागि मापदण्ड तयार गरी स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ।<br>२.५.२ स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी Happiness Content का विशेषता समेटिएको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी अनिवार्य रूपमा कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | २.५.३ नेपाली मातृभाषावाहेक अन्य मातृभाषा बोल्ने एकल वा बहुभाषी समुदायका बालबालिकाहरूका लागि छुट्टै विषयको रूपमा वा शिक्षणको माध्यम भाषाका रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामाग्री विकास र प्रयोग गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।<br>२.५.४ सिकाइका लागि मूल्याङ्कन (Evaluation for learning) को अवधारणालाई अवलम्बन गर्दै विद्यालय तहमा निरन्तर तथा निर्माणात्मक मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन शिक्षकहरूको क्षमता विकासका लागि स्थानीय तहलाई आवश्यक सहजीकरण गरिनेछ ।<br>२.५.५ विद्यार्थी मूल्याङ्कन र नतिजा विश्लेषणका आधारमा शिक्षण सिकाइ सुधार योजना बनाइ शिक्षण सिकाइमा प्रभावकारिता अभिवृद्धिका लागि शिक्षकहरूको क्षमता विकासका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ ।<br>२.५.६ नविनतम अभ्यासहरूको प्रयोग गरी आधारभूत तह कक्षा ८ को परीक्षा (BLE) लाई थप व्यवस्थित बनाउन मापदण्ड निर्माण र कार्यान्वयनका लागि स्थानीय तहको क्षमता विकासमा सहजीकरण गरिनेछ ।<br>२.५.७ कक्षा ८, १०, १२ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालय र स्थानीय तहलाई थप प्रोत्साहन कार्यक्रम तथा न्युन सिकाइ उपलब्धि भएका विद्यालयको उपलब्धि सुधारका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>२.५.८ माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को सञ्चालन र व्यवस्थापनका लागि प्रदेश परीक्षा बोर्ड, परीक्षा व्यवस्थापन कार्यालय कोशी प्रदेश स्थापना गरिनेछ ।<br>२.५.९ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको समन्वय र सहकार्यमा विद्यालय तथा प्रदेशस्तरीय शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र सिकाइ उपलब्धी परीक्षणका लागि प्रदेशस्तरीय संयन्त्र विकास गरी कार्यान्वयनमा लाने व्यवस्था मिलाइनेछ । |
| | २.६ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै शैक्षिक | २.६.१ प्रदेशस्थित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरूमा स्वास्थ्य मन्त्रालय कोशी प्रदेशसँगको समन्वय तथा सहकार्यमा विद्यालय नर्सको व्यवस्था गर्दै लगिनेछ ।<br>२.६.२ विद्यालयहरूमा जङ्क फुड (अस्वस्थकर खाना) को प्रयोगलाई निरुत्साहित गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी जङ्क फुड (अस्वस्थकर खाना) विहीन विद्यालय घोषणामा |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | कार्यक्रमको अभिन्न अङ्गका रुपमा विकास गर्ने। | जोड दिइनेछ।<br>२.६.३ हरेक विद्यालय वा क्लस्टरमा वार्षिक रुपमा सामान्य स्वास्थ्य परीक्षणको कार्यक्रम लागू गर्न स्वास्थ्य मन्त्रालय तथा स्थानीय तहलाई सहजीकरण तथा समन्वय गरिनेछ।<br>२.६.४ विद्यार्थी मनोसामाजिक परामर्श सेवाका लागि विद्यालयका सामाजिक विषयको शिक्षकलाई मनोसामाजिक परामर्शकर्ताका रुपमा विकास गर्न स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ। |
| | २.७ सिकाइलाई सीपसँग जोड्दै जीवनोपयोगी शिक्षाको अभिवृद्धि गर्ने। | २.७.१ विद्यालय शिक्षाका हरेक विषयहरूमा परियोजना कार्यलाई व्यवहारकुशल सीप (Soft Skill) तथा जीवनयपयोगी सीप (Life Skill) सँग तादाम्यता गर्दै सीपमा आधारित सिकाइलाई प्रोत्साहन गरिनेछ।<br>२.७.२ माध्यमिक तह (कक्षा ११ र १२) मा 'पढ्दै कमाउँदै : कमाउँदै पढ्दै' कार्यक्रम लागू गर्न स्थानीय तहसँग सहकार्य तथा समन्वय गरिनेछ।<br>२.७.३ आधारभूत तहको स्थानीय विषय र माध्यमिक तहको ऐच्छिक विषयहरूमा सीप तथा व्यवसायमा आधारित पाठ्यवस्तु विकास गरी कार्यान्वयन गरिने छ। |
| | २.८ प्रदेशमा सञ्चालनरत धार्मिक तथा परम्परागत विद्यालयहरू साथै प्राचिन ज्ञानको सबलीकरण गर्ने। | २.८.१ धार्मिक तथा परम्परागत विद्यालय तथा सञ्चालित शैक्षिक कार्यक्रमलाई संरक्षण तथा संवर्द्धन गरिनेछ।<br>२.८.२ धार्मिक तथा परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन प्रक्रियालाई समयानुकूल बनाई विद्यालय शिक्षाको मुलधारमा ल्याइनेछ।<br>२.८.३ धार्मिक तथा परम्परागत शिक्षाको मौलिक स्वरूपलाई कायम राख्दै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम, विद्यार्थी मूल्याङ्कन आदिको व्यवस्थापनका लागि सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.८.४ धार्मिक तथा परम्परागत शिक्षा सञ्चालन गर्ने विद्यालयहरूको अनुमति, स्वीकृति र नियमनलाई व्यवस्थित गर्न सहजीकरण गरिनेछ।<br>२.८.५ धार्मिक तथा परम्परागत शिक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई स्थानीय तहसँगको सहकार्यमा भौतिक पूर्वधार विकास तथा शैक्षिक उन्नयनयका लागि सहयोग प्रदान गरिनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | | २.८.६ परम्परागत तथा स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण र संवर्द्धन गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिप्रादित नवीनतम प्रविधिलाई प्रदेशको समग्र विकासका लागि प्रयोग गरिनेछ।<br>२.८.७ धार्मिक तथा परम्परागत शिक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई शिक्षासम्बन्धी प्रचलित कानूनको परिपालनाका लागि उत्तरदायी बनाइनेछ। |
| | २.९ संस्थागत विद्यालयहरूलाई सेवामूलक बनाउने र सामुदायिक-संस्थागत विद्यालय साझेदारीलाई जोड दिने। | २.९.१ संस्थागत विद्यालयलाई प्रभावकारी व्यवस्थापन तथा नियमनका लागि स्थानीय तहको क्षमता विकासमा सहजीकरण गरिनेछ।<br>२.९.२ नतिजामा आधारित संस्थागत र सामुदायिक विद्यालयहरूबीच अन्तर-विद्यालय असल अभ्यास तथा अनुभव आदानप्रदान कार्यक्रम कार्यान्वयन गर्न विद्यालय सहकार्य कार्यक्रम विकास गरी कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गरिने छ।<br>२.९.३ निजी लगानीमा खुलेका शिक्षण संस्थाहरूलाई सकेसम्म राष्ट्रिय पहिचान झल्किने गरीको नामाकरण गर्न स्थानीय तहहरूलाई प्रोत्साहन र सहजीकरण गरिनेछ।<br>२.९.४ निजी लगानीमा सञ्चालित प्राविधिक विषयका शैक्षिक संस्थाहरूलाई क्रमशः सामुदायिक वा सहकारी मोडलबाट सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।<br>२.९.५ निजी लगानीमा खुलेका शिक्षण संस्थाहरूलाई नियमन गरी सेवामूलक बनाउन क्रमशः सार्वजानिक/ सामुदायिक संस्थाका रुपमा रूपान्तरण गर्न मापदण्ड तयार गरी कार्यान्वयनका लागि स्थानीय तहसँग तथा समन्वय तथा सहकार्य गरिनेछ।<br>२.९.६ संस्थागत विद्यालयहरूलाई सेवामूलक बनाउन कम्पनीमा सञ्चालित विद्यालयलाई गुठीमा परिणत भई सञ्चालन हुन प्रोत्साहित गर्ने तर अव खुल्ने यस्ता विद्यालयहरूलाई भने अनिवार्य रुपमा सार्वजनिक वा शैक्षिक गुठीका रुपमा मात्र सञ्चालन गर्न पाउने व्यवस्थाका लागि स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ।<br>२.९.७ संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यता निर्धारण गरी पेशागत विकास र जीवन वृत्तिसँग सम्बन्धित पक्षहरूलाई प्रदेशस्तरीय रुपमा एकरुपता हुनेगरी लागू गर्न स्थानीय तहको क्षमता विकास तथा सहजीकरण गरिनेछ। |
| | २.१० विद्यार्थीलाई सदाचारी | २.१०.१ विद्यालयमा नियमित रूपमा योग, ध्यान र संस्कारसहितको नैतिक शिक्षा सम्बन्धी |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | नैतिकवान् र जिम्मेवार बनाउने । | सचेतना कार्यक्रम सञ्चालन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने गरी स्थानीय तहलाई सहजीकरण गरिनेछ ।<br>२.१०.२ विद्यार्थीहरूमा सेवाभाव सीपको विकासका लागि स्काउट तथा रेडक्रसका कार्यक्रमका साथै खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी प्रदेशस्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१०.३ प्रदेश खेलकुद विकास बोर्ड एवम् अन्य पेशागत संस्थाहरूसँगको सहकार्यमा पारा खेलकुद (Para Olympic) लगायतका खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूको आयोजना गरिनेछ ।<br>२.१०.४ पारिवारिक मूल्य, मान्यता, वृद्ध, रोगी, अशक्त तथा असहायको सेवा र सहयोग गर्ने मानवीय गुणको विकास गराउन विद्यालय शिक्षामा नैतिक शिक्षा (Moral Education) विषयका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ ।<br>२.१०.५ विद्यार्थीहरूलाई अनुशासित, इमान्दार, नैतिकवान् तथा जिम्मेवार बनाउन प्रदेश तहमा पहिचान भएका खास समुदाय विशेषका ज्ञान, सीप तथा प्रविधिलाई सबै शैक्षिक संस्थामा आदान प्रदान गर्ने व्यवस्थाका लागि स्थानीय तहहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२.१०.६ नैतिक तथा संस्कार शिक्षा तथा पराम्परागत एवम् रैथाने ज्ञान तथा सीप एवं स्थानीय प्रविधिजन्य विषयवस्तुहरू स्थानीय पाठ्यक्रममा थप गर्ने व्यवस्था मिलाइनेछ । |

**उच्च शिक्षा**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| ३. उच्च शिक्षामा सहज र सुलभ पहुँच विस्तार गर्दै उत्पादनमूलक तथा | ३.१ उच्च शिक्षामा पहुँच विस्तार गर्ने । | ३.१.१ लक्षित वर्गलाई उच्च शिक्षामा सहज र सुलभ पहुँच विस्तारका लागि पूर्ण वा आंशिक वा पटके छात्रवृत्ति वा विद्वद् वृत्तिको व्यवस्था मिलाइनेछ ।<br>३.१.२ आवश्यकता अनुसार छात्रावासको सुविधासहितको प्रबन्ध मिलाउन विश्वविद्यालय र सो |

| | | |
|---|---|---|
| दक्ष जनशक्ति निर्माण केन्द्रका रूपमा विकास गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्ने । | | अन्तर्गतका क्याम्पस/कलेजहरूसँग सहकार्य वा सहजीकरण गरिनेछ ।<br>३.१.३ महाविद्यालय, विश्वविद्यालमा Face to Face, Online र Blended मोडका कार्यक्रम सञ्चालन गरी सबैलाई सहज शिक्षाको पहुँच सुनिश्चित गर्ने प्रबन्ध गरिनेछ ।<br>३.१.४ उच्च शिक्षाको विकास तथा विस्तारमा सार्वजनिक, सामुदायिक तथा निजी साझेदारीलाई जोड दिइनेछ ।<br>३.१.५ वार्षिक शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्दै साधारण धारतर्फ समेत लक्षित वर्गका लागि भर्ना कोटा तोकी अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ ।<br>३.१.६ कोशी प्रदेशभित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरू र सोबाट सम्बन्धन लिई यस प्रदेशभित्र सञ्चालनमा रहेका आङ्गिक, सामुदायिक तथा निजी उच्च शिक्षा प्रदायक संस्थाहरूलाई प्रदेश विश्वविद्यालयको मातहतमा सञ्चालनको व्यवस्था मिलाउन सम्वन्धित निकायसँग समन्वय गरी सोको प्रवन्ध गर्न प्रोत्साहित गरिनेछ ।<br>३.१.७ विद्यार्थी सङ्ख्या, सञ्चालित विषय, शिक्षकको सेवा, शर्त तथा सुविधा, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधार, सेवा पुर्‍याएको क्षेत्र र समुदाय, समाजमा पुर्‍याएको योगदान लगायतका मापदण्डको आधारमा सामुदायिक क्याम्पसहरूको वर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइने छ ।<br>३.१.८ उच्च शिक्षामा विद्यार्थीहरूको पहुँच वृद्धि गर्न स्थानीय जातजाति, भाषाभाषीको संस्कार र संस्कृति एवं रैथाने ज्ञानका विषयहरू समेटिएको साथै भाषिक बहुलतालाई मध्यनजर गरी ऐच्छिक पाठ्यक्रमका रुपमा विकास तथा प्रयोगको व्यवस्था मिलाइनेछ । |
| | ३.२ उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने । | ३.२.१ उच्च शिक्षाको पाठ्यक्रम, शिक्षण विधि तथा प्रक्रियालाई समयानुकूल परिमार्जन गरिनेछ ।<br>३.२.२ शिक्षण सिकाइलाई परम्परागत, व्यावहारिक, वैज्ञानिक, आधुनिक प्रविधि र उत्पादनसँग जोड्ने गरी पठनपाठन गर्ने प्रबन्ध मिलाइनेछ ।<br>३.२.३ उच्च शिक्षामा STEAM Education लाई विश्वविद्यालयको अनिवार्य शर्तका रूपमा लागू गर्ने व्यवस्था मिलाइनेछ ।<br>३.२.४ उच्च शिक्षाका कक्षाकोठाहरूमा आधुनिक सूचना प्रविधिका नविनतम साधनको प्रयोग गरी कागजरहित शिक्षण प्रक्रियालाई बढावा दिने व्यवस्था मिलाइनेछ । |

| | | |
|---|---|---|
| | ३.३ उच्च शिक्षालाई उत्पादन र प्रदेशको अर्थ व्यवस्थासँग जोड्ने । | ३.३.१ प्रदेशको आर्थिक विकास, उत्पादन र रोजगारमुलक शिक्षाका लागि आवश्यक शैक्षिक कार्यक्रमहरू जस्तैः कृषि तथा प्रविधि, पर्यापर्यटन (Eco Tourism), सांस्कृतिक पर्यटन (Cultural Tourism), अतिथि सत्कार व्यवस्थापन (Hospitality Management), औषधिजन्य जडिबुटी (Medicinal Herbals) तथा ICT विषयहरुको विकास गरी लागु गरिनेछ।<br>३.३.२ उच्च शिक्षामा पर्यटन प्रवर्द्धनका लागि आवश्यक विषयहरू थप्ने तथा तालिम प्रदान गर्ने एवं यस्ता विषयहरूमा अध्ययनका लागि विदेशी विद्यार्थीहरूलाई समेत आकर्षण गरी अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ । |
| | ३.४ उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने । | ३.४.१ मनमोहन विश्वविद्यालयलाई अनुसन्धानको हव (Research center) बनाइ उत्कृष्टताको केन्द्र (Centre of excellency) को रूपमा विकास गरिनेछ ।<br>३.४.२ अनुसन्धानलाई प्रोत्साहन गर्न अनुदान, फेलोसिप, पुरस्कार तथा छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन गर्ने र उत्कृष्ट अनुसन्धान तथा नवप्रवर्तन कार्यलाई शिक्षा सुधारको एक अभिन्न अंगको रुपमा प्रयोगमा ल्याइनेछ ।<br>३.४.३ प्राध्यापक तथा विद्यार्थीहरूलाई अनुसन्धानमा लगाई उत्कृष्टता हासिल गर्नेलाई पुरस्कृत गर्ने प्रबन्ध मिलाइनेछ ।<br>३.४.४ उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरूको समग्र विकासका लागि विश्वविद्यालय अनुदान आयोगको कार्यक्रमसँग आबद्द गरी अनुसन्धानात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ |
| | ३.५ उच्च शिक्षालाई समुदायसँग जोड्ने | ३.५.१ उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका लागि सम्बन्धित विषयमा इन्टर्नसिप कार्यक्रम समावेश गरी **पढ्दै कमाउदै-कमाउँदै सिक्दै** कार्यक्रम लागू गरिनेछ ।<br>३.५.२ उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि सम्बन्धित विषयमा कार्यगत अभ्यास (Job Induction) का लागि सरकारी तथा नीजि संघ संस्थासँग सहकार्य गर्न कार्यविधि तयार गरिनेछ ।<br>३.५.३ कक्षा १२ को अध्ययन समाप्तिसँगै उच्च शिक्षामा प्रवेश हुनुभन्दा अगाडी विधा तथा विषय छनौट (Discipline and Subject Selection) तथा क्यारिअर काउन्सेलिङ (Career Counselling) सहित विद्यार्थीहरूलाई सूसुचित गर्न कार्यविधि निर्माण गरी लागु गर्ने व्यवस्था मिलाइनेछ । |

| | | |
|---|---|---|
| | | ३.५.४ प्रदेश सरकारका प्रोत्साहनमुलक कार्यक्रमको उपयोग गरी उच्च शिक्षाको तह पुरा गरेका जनशक्तिहरूले सरकारको लक्ष्य तथा सामाजिक आवश्यकता साथै निर्मित कार्यविधिका आधारमा तोकिएको निश्चित समयसम्म **समुदाय समृद्धिका लागि प्रशिक्षार्थी सेवा कार्यक्रम (Community Prosperity Internship Service Program)** मा सहभागी हुने व्यवस्था गरिनेछ। |
| | ३.६ उच्च शिक्षाको संस्थागत विकास र सुदृढीकरण गर्ने। | ३.६.१ उच्च शिक्षाको नीति निर्देशन तथा विश्वविद्यालयहरूलाई मार्गदर्शन गर्ने लगायतका कार्य गर्नका लागि मुख्यमन्त्रीको अध्यक्षतामा **प्रदेश विश्वविद्यालय परिषद्** गठन गरिनेछ।<br>३.६.२ प्रदेशभित्र सञ्चालित उच्च शिक्षाका कार्यक्रममा विदेशी पाठ्यक्रम अध्ययन अध्यापन हुने महाविद्यालय र विश्वविद्यालयको नियमन तथा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।<br>३.६.३ सामुदायिक क्याम्पसहरूलाई एकीकृत गरी प्रदेश विश्वविद्यालयमा रूपान्तरण हुन साथै प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।<br>३.६.४ भौतिक, मानवीय तथा वित्तीय स्रोत र साधन समेतले सम्पन्न क्याम्पसहरूलाई प्रदेशको आवश्यकताअनुसार मानित (Deemed) विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ।<br>३.६.५ प्रदेशभित्र सञ्चालनमा रहेका विश्वविद्यालय तथा क्याम्पसहरूको सुदृढीकरणका लागि सम्वन्धित संस्थाहरूलाई प्रदेश योजना आयोगमा प्रस्तावित कार्यक्रम पेश गरी आवश्यक योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।<br>३.६.६ स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूबिच उपाधि, शैक्षिक कार्यक्रम तथा पठनपाठनको क्रेडिड ट्रान्सफर (Credit Transfer) गर्ने व्यवस्था मिलाइनेछ।<br>३.६.७ उच्च शिक्षाको व्यवस्थापन र शैक्षिक गुणस्तर सुदृढीकरणका लागि प्रदेश विश्वविद्यालय अनुदान आयोग (PUGC) को स्थापना गरी Deemed University को मान्यता प्रदान गर्ने र उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको नियमन गर्ने व्यवस्था मिलाइनेछ।<br>३.६.८ PUGC ले प्रदेश विश्वविद्यालय अन्तर्गतका क्याम्पस/कार्यक्रमहरुलाई EQAA (शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन) प्रदान गर्ने व्यवस्था मिलाइनेछ। |

**विज्ञान तथा प्रविधि**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ४. शिक्षा प्रणालीमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM Education) लाई अभिन्न अङ्गका रूपमा विकास गर्ने। | ४.१ विद्यालय शिक्षाको पाठ्यक्रममा STEAM Education लाई जोड दिँदै विज्ञान तथा प्रविधि शिक्षाको विकास र विस्तार गर्ने। | ४.१.१ विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्दा STEAM Education लाई जोड दिँदै सिकाइ क्रियाकलापहरू सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य तथा समन्वय गरिनेछ।<br>४.१.२ STEAM Education मा आधुनिक सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकको क्षमता विकास गरिनेछ।<br>४.१.३ स्थानीय तहका सेवाक्षेत्रभित्र श्रम तथा रोजगारका क्षेत्र पहिचान गर्न लगाइ STEAM Education का विषयवस्तु सिकाउने वातावरण निर्माणका लागि स्थानीय तहसँग समन्वय तथा सहजीकरण गरिनेछ।<br>४.१.४ विज्ञान तथा प्रविधि शिक्षा विस्तारको लागि सम्भाव्यता अध्ययनका आधारमा कम्तीमा प्रत्येक प्रदेश निर्वाचन क्षेत्रको एउटा सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउने व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४.१.५ प्राविधिक धार सञ्चालित विद्यालयका विद्यार्थीहरूलाई सम्वन्धित निकायमा कार्यगत अभ्यास (OJT) मा खटाई सम्पादन गर्न सक्ने कामको जिम्मा दिई सार्वजानिक खर्च न्यूनीकरण गर्ने र सम्पादित कामको स्पष्ट मापन गरी सेवा प्रवेशको आधार बनाउने व्यवस्था गरिनेछ। |
| | ४.२ STEAM Education क्षेत्रको प्रतिभा पहिचान, उपयोग र विकास गर्ने। | ४.२.१ वार्षिक रुपमा STEAM प्रतिभा प्रवर्द्धन गर्न प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गरी विद्यार्थीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।<br>४.२.२ विश्वविद्यालयहरूबाट STEAM क्षेत्रका जनशक्ति उत्पादन गर्ने व्यवस्थाका लागि आवश्यक सहयोग गरिनेछ।<br>४.२.३ शिक्षणसिकाइ क्रियाकलापलाई प्रविधिमैत्री बनाई प्रत्यक्ष कक्षा शिक्षण (Live class ) मार्फत दुर्गम तथा शिक्षक अपुग रहेका विद्यालयहरूलाई सहयोग पुराउने प्रबन्ध मिलाइनेछ। |

**प्राविधिक  तथा व्यवसायिक शिक्षा र तालिम**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच तथा सहभागिता, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्दै संस्थागत विकास र विस्तार गर्ने। | ५.१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच तथा सहभागितामा सुधार गर्ने। | ५.१.१ एक वा सो भन्दा बढी स्थानीय तहको सहकार्य तथा साझेदारीमा आवासीय प्राविधिक शिक्षालय स्थापना र सञ्चालन गरिनेछ।<br>५.१.२ स्थानीय तहको सहकार्यमा निम्न र मध्यम स्तरको जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एवं सीपसम्बन्धी छोटो र लामो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५.१.३ TVET र सीप विकासका कार्यक्रमहरूको सहज पहुँचका लागि विपन्न र पिछडिएका वर्ग/समुदाय साथै अपाङ्गता भएकाहरूलाई छात्रवृत्ति लगायतका अन्य सुविधाहरू प्रदान गर्ने व्यवस्था मिलाइनेछ।<br>५.१.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तारका लागि स्थानीय तहको योजनामा TVET का कार्यक्रमहरू समावेश गर्न प्रोत्साहित गरिनेछ।<br>५.१.५ कक्षा ८, १० र १२ का विद्यार्थीहरू र प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका प्रशिक्षार्थीहरूलाई वृत्ति-मार्ग परामर्श सेवा (career counselling service) उपलब्ध गराइनेछ। |
| | ५.२ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर तथा सान्दर्भिकतामा अभिवृद्धि गर्ने। | ५.२.१ प्राविधिक शिक्षा र तालिम प्रदायक स्थापना भएका र नयाँ स्थापना हुने शिक्षण संस्थाहरूलाई स्थानीय तहसमेतको साझेदारीमा सबलीकण गरी गुणस्तर अभिवृद्धि गरिनेछ।<br>५.२.२ भौगोलिक विशेषता तथा स्थानीय तहको आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर र मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।<br>५.२.३ सामाजिक विकास मन्त्रालय र TVET प्रदेश कार्यालयबाट संयुक्त रुपमा मानक विकास गरी प्रदेशभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूको स्तर निर्धारण (Accreditation) गर्ने व्यवस्था गरिनेछ।<br>५.२.४ छोटो अवधिका तालिम सञ्चालन तथा सीप परीक्षणका लागि मापदण्ड बनाई प्रदेश स्तरबाट नै सीप परीक्षण हुने व्यवस्था मिलाइनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ५.२.५ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (NCF) साथै राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को परिधिभित्र रही TVET र प्राविधिक धारको पाठ्यक्रम परिमार्जन गरी कार्यगत अभ्यास (OJT), औद्योगिक प्रशिक्षार्थी तालिम (Aprenticeship), मूल्याङ्कन लगायतका सबै क्षेत्रमा एउटै मापदण्ड बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। <br>५.२.६ RPL (Recognition of Prior Learning) विधिबाट सीप परीक्षण प्रदेशस्तरबाट नै हुने व्यवस्था मिलाइनेछ । <br>५.२.७ आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक सामग्रीका लागि अनुदान सहयोग गर्ने व्यवस्था मिलाइनेछ । <br>५.२.८ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्रदेशको विशिष्टता भएका क्षेत्रमा केन्द्रित गरिनेछ । |
| | ५.३ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई रोजगारसँग आवद्ध गर्ने । | ५.३.१ श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको मागअनुसारको नयाँ सीप र प्रविधिको विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । <br>५.३.२ समुदाय समृद्धिका लागि प्रशिक्षार्थी सेवा कार्यक्रम (Community Prosperity Internship Service Program) अन्तर्गत शैक्षिक संस्थाहरू र निजी क्षेत्रका रोजगारदाताहरूको साझेदारीमा एप्रेन्टिसिप, इन्टर्नसिप र कार्यगत अभ्यास तालिम (OJT) सञ्चालन गरिनेछ । <br>५.३.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको कार्यगत अभ्यास तालिम तथा प्रयोगात्मक कार्यलाई समुदायको विकास र सेवासँग आबद्ध गरेर पढ्दै कमाउदै ढाँचामा कार्यान्वयन गरिनेछ । <br>५.३.५ प्रदेशभित्र रहेका उद्योगी, व्यापारी र उद्यमीहरूको सहकार्य तथा सहजीकरणमा विद्यार्थीहरूलाई आवश्यक सीप सिकाउने प्रबन्ध मिलाइनेछ । <br>५.३.६ परम्परागत ज्ञान सीपलाई प्रविधिसँग जोडी तिनको उद्यमीकरण गर्दै रोजगारीमा आबद्ध गर्न स्थानीय तहको आवश्यकताअनुसार सहकार्य गरिनेछ । |
| | ५.४ प्राविधिक तथा व्यावसायिक | ५.४.१ राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप (NVQF) मा भएको प्रावधानलाई कार्यान्वयन |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | शिक्षा र तालिमको पारगम्यता सुनिश्चित गर्ने। | गरी बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट अध्ययन गर्ने विद्यार्थीको पारगम्यता (permeability) सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।<br>५.४.२ साधारणबाट प्राविधिक र प्राविधिकबाट साधारण धारको शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीहरूलाई आधारभूत पाठ्यक्रम (Pre-requisite Course) को व्यवस्था गरी अध्ययन गर्न पाउने व्यवस्था मिलाइनेछ।<br>५.४.३ निश्चित अवधिको प्राविधिक तथा व्यावसायिक तालिम लिएका व्यक्तिको सीप र उपलब्धिको गणना गरी अपेक्षित पाठ्य घण्टा (Credit hours) पूरा गरेकालाई औपचारिक शैक्षिक उपाधिमा गणना गरी पठनपाठनको प्रबन्ध मिलाइनेछ।<br>५.४.४ परम्परागत तथा आधुनिक प्रविधिको प्रयोग गरी स्वयं सीप आर्जन गरेका व्यक्तिको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ। |
| | ५.५ स्थानीय सीप र उद्यमशीलतामा जोड दिने। | ५.५.१ ठाउँ र परिवेश अनुसारको जडीबुटी तथा बाली बिरुवाहरूका साथै स्थानीय सिप र उत्पादनलाई व्यावसायीकरणमा प्रोत्साहन गरी उद्यमशीलता वृद्धि गर्न टेवा पुर्याउनका लागि व्यवस्था मिलाइनेछ। |
| | ५.६ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको संस्थागत विकास र सुदृढीकरण गर्ने। | ५.६.१ प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषदको स्थापना गरी संस्थागत क्षमता विकासका लागि आवश्यक प्रबन्ध गरिनेछ।<br>५.६.२ प्राविधिक तथा व्यावसायिक जनशक्तिको प्रक्षेपण गरिनेछ।<br>५.६.३ हाल भइरहेका प्राविधिक तथा व्यावसायिक शिक्षालय तथा तालिम प्रदायक संस्थाहरू र रोजगारदाताहरूको नक्साङ्कन गरी प्रोफाइल तयार गरिनेछ।<br>५.६.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको सबलीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/ संस्थाहरूको सहयोगमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |

**समावेशी  तथा विशेष शिक्षा**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ६. समावेशी तथा विशेष शिक्षालाई जोड दिई समतामूलक शिक्षालाई प्राथमिकता दिने। | ६.१ सरकारी, गैरसरकारी सङ्घ/संस्थाको सहकार्य तथा सहयोगमा समावेशी तथा विशेष शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने। | ६.१.१ श्रेणी र प्रकार प्रस्ट खुल्ने गरी अपाङ्गता भएका बालबालिकाहरूको प्रोफायल तयार गरी प्रदेशस्तरीय तथ्याङ्क व्यवस्थापन गरिनेछ।<br>६.१.२ अपाङ्गतासम्बन्धी सङ्घ/संस्थाहरू (OPD) को समन्वयमा हरेक शैक्षिक वर्षमा विद्यार्थीहरूको कार्यगत सीमितताको प्रारम्भिक पहिचान गर्ने र पहिचानका आधारमा सहयोगी सामग्री (Assistive Devices) व्यवस्थापनका लागि  स्थानीय तहसँग सहकार्य र सहजीकरण गरिनेछ।<br>६.१.३ विश्वव्यापी सिकाइ ढाँचा, पाठ्यक्रमअनुसार हरेक विद्यार्थीका लागि वैयक्तिक शिक्षा योजना निर्माण तथा समावेशी शिक्षण सिकाइ प्रक्रियाका बारेमा शिक्षकलाई तालिम र अभिभावक तथा विव्यस/ सञ्जालका पदाधिकारीहरूलाई अभिमुखीकरण गरिनेछ।<br>६.१.४ अपाङ्गतासम्बन्धी सङ्घ/संस्थाहरू (OPD) को समन्वयमा विशेष विद्यालय तथा स्रोत कक्षा विद्यालयहरूको विस्तार तथा विकास गरी सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूमा शिक्षा तथा सीप आर्जनका लागि  स्थानीय तहसँगको साझेदारीमा विशेष सबलीकरण कार्यक्रम सञ्चालन गरिने छ।<br>६.१.५ अपाङ्गता भएका, आर्थिक, सामाजिक रूपमा पिछडिएका, दलित, आदिवासी जनजाति र विविध कारणले जोखिममा परेका बालबालिकाहरूको शिक्षा तथा सीप विकासका लागि छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ।<br>६.१.६ पहुँचयुक्तताको लेखाजोखाका आधारमा भौतिक सुविधा, शैक्षिक सेवा प्रवाह, सिकाइ सामग्रीलगातका  शैक्षिक कार्यक्रमको व्यवस्था गरिनेछ।<br>६.१.७ बौद्धिक अपाङ्गता र अटिजम भएका बालबालिकाहरूका लागि आवश्यकता अनुरूप आवासीय विद्यालयको स्थापना तथा स्थापना भएका विद्यालयलाई सबलीकरण गरिनेछ।<br>६.१.८ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरू अध्ययन गर्ने विशेष तथा स्रोतकक्षा विद्यालयहरूको सुरक्षा व्यवस्था सहितको भौतिक पूर्वाधार विकास, शिक्षक, आया (Care |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | taker) साथै खेल तथा शिक्षण सामग्रीहरूको व्यवस्थाका लागि स्थानीय तहसँग साझेदारी कार्यक्रम लागु गरिनेछ।<br>६.१.९ बौद्धिक अपाङ्गता र अटिजम भएका बालबालिका अध्ययन गर्ने विद्यालयहरूमा निजहरूका अभिभावकहरूको शैक्षिक योग्यता र सिप हेरी शिक्षक र आयाको रूपमा प्राथमिकता दिने व्यवस्था मिलाउन स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>६.१.१० सुस्त श्रवण तथा बोलाइमा समस्या भएका बालबालिकाहरूलाई कक्षोन्नती, पाठ्यसामग्री र थप दरबन्दीको व्यवस्था साथै सांकेतिक भाषामा शिक्षक तालिमका लागि स्थानीय तहसँग समन्वय र सहजीकरण गरिनेछ।<br>६.१.११ समावेशी र भेदभावरहित वातावरण सिर्जना गर्नका लागि एकीकृत कक्षा व्यवस्थापन, लैङ्गिकमैत्री बजेट, शैक्षिक सेवा प्रदायक संस्थाहरूमा समावेशी कार्यव्यवस्था लागु गरी विभेद शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।<br>६.१.१२ पहुँचयुक्तता तथा मानवमैत्री भौतिक संरचना निर्माण कार्यक्रम कार्यान्वनमा प्राथमिकता दिइनेछ। |

## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ पद्धति विकास, विस्तार र सुदृढीकरण गर्ने। | ७.१ सामुदायिक सिकाइ केन्द्रको सबलीकरण कार्यक्रम सञ्चालन गर्ने। | ७.१.१ सामुदायिक सिकाइ केन्द्र (CLC) को नक्साङ्कन गरी आवश्यकताका आधारमा थप विस्तार गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>७.१.२ वित्तीय साक्षरता, डिजिटल साक्षरता, व्यावसायिक साक्षरता जस्ता बहुसाक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरणका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>७.१.३ सामुदायिक सिकाइ केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रमहरू |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | | सञ्चालन गरिनेछ ।<br>७.१.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाई नतिजामा आधारित प्रोत्साहन अनुदानको व्यवस्थापन गरिनेछ।<br>७.१.५ सामुदायिक सिकाइ केन्द्रको सहयोगमा युवा तथा प्रौढहरूलाई बुढ्यौली विज्ञान तथा स्याहार सुसार (Gerontology) सम्वन्धी सैद्धान्तिक तथा व्यवहारीक ज्ञान र सीप प्रदान गर्ने व्यवस्था मिलाइनेछ । |
| | ७.२ अनौपचारिक शिक्षा अन्तर्गतको निरन्तर तथा आजीवन सिकाइका लागि स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने । | ७.२.१ निरन्तर सिकाइ कार्यक्रमका लागि विद्यालय तथा क्याम्पसका समाजकेन्द्रित विषयहरूको पाठ्यक्रम अंशको प्रयोगात्मक कार्य पुरा गर्न सम्वन्धित शिक्षण संस्थासँग समन्वय गरी विद्यार्थी परीचालनका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ ।<br>७.२.२ साक्षरता हासिल गरेका व्यक्तिहरूलाई CLC मार्फत सीपमूलक आयआर्जनका कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइ सोको कार्यान्वयनका लागि स्थानीय तहको क्षमता विकास गरिनेछ ।<br>७.२.३ अनौपचारिक शिक्षा सिकेका सीपको परीक्षण तथा प्रमाणीकरणका लागि मापदण्ड तयार गरी औपचारिक शिक्षा सरहको मान्यता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>७.२.४ सञ्चार माध्यमहरूको प्रयोग गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरू विकास तथा प्रशारण गर्ने व्यवस्था मिलाइनेछ ।<br>७.२.५ अनौपचारीक शिक्षा पाठयक्रम प्रारुप २०८० मा भएको प्रावधानअनुसार अनौपचारिक प्रकृतिका विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई औपचारिक शिक्षा सरहको मान्यता प्रदान गर्न स्थानीय तहहरूको क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।<br>७.२.६ ज्ञान, सिप र अनुभव आदन-प्रदान गर्न सङ्घ/संस्थाहरूको सहयोग तथा सहकार्यमा निरन्तर सिकाइसम्बन्धी प्रदेशस्तरीय शिक्षा सम्मेलन गरिनेछ । |

**पुस्तकालय तथा सङ्ग्रहालय व्यवस्थापन**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | ८.१ सामुदायिक/सार्वजनिक पुस्तकालयको सुदृढीकरण गरी पठन संस्कृतिको विकास गर्ने। | ८.१.१ पुस्तकालय र वाचनालयको तथ्याङ्क सङ्कलन गरी सञ्चालन मापदण्ड निर्धारण गरिनेछ।<br>८.१.२ स्थानीय तहको समन्वय र सहकार्यमा सामुदायिक तथा सार्वजनिक पुस्तकालय एवम् वाचनालयको संरक्षण र संवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।<br>८.१.३ एक स्थानीय तह र एक साधन स्रोत सम्पन्न सार्वजनिक पुस्तकालयको स्थापना गरी पठन संस्कारको विकास गरिनेछ।<br>८.१.४ हरेक वडा कार्यालयहरूले समसामयिक पठन सामग्रीको व्यवस्था भएको कम्तीमा एउटा वाचनालय कक्षको व्यवस्थापन र सञ्चालन गर्ने गरी स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>८.१.५ सुविधा सम्पन्न प्रादेशिक पुस्तकालय (इ-लाइब्रेरी सहित) स्थापना गरिनेछ। |
| ८. पुस्तकालयको विकास र विस्तार एवं सङ्ग्रहालयलाई थप व्यवस्थित गर्ने। | ८.२ सङ्ग्रहालयको व्यवस्थापन, सुदृढीकरण तथा विस्तार गरी अनुसन्धानका लागि स्रोत केन्द्रका रूपमा विकास गर्ने । | ८.२.१ प्रदेशमा भएका सङ्ग्रहालयहरूको सबलीकरण गरी अध्ययन अनुसन्धान केन्द्रका रूपमा विकास गरिनेछ।<br>८.२.२ स्थानीय तहको सहकार्यमा ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका विषयक्षेत्र पहिचान गरी थप सङ्ग्रहालयहरूको विस्तार गरिनेछ।<br>८.२.३ पुरातत्त्व विभाग र स्थानीय तहको सहकार्यमा विभिन्न ठाउँमा पहिचान भएका र सम्भाव्य सांस्कृतिक तथा धार्मिक स्थल र सम्पदाको खोजी गरिनेछ।<br>८.२.४ लोकसंस्कृति तथा पर्वहरूसँग सम्बन्धित वाद्यवादनका सामग्रीहरूको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>८.२.५ स्थानीय तहमा भएका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक विषयवस्तुहरूलाई स्थानीय पाठ्यक्रममा जोड्ने कार्यमा स्थानीय तहलाई थप सहजीकरण गरिनेछ।<br>८.२.६ सांस्कृतिक, पौराणिक एवम् ऐतिहासिक वस्तु र कलाहरूको संरक्षण गर्दै आदिवासी तथा जनजातिका भाषागत सङ्ग्रहालयलाई पर्यटनको आधार सिर्जना गरिनेछ। |
| | ८.३ प्रदेशमा स्थापना हुने आयोग तथा प्रतिष्ठानहरूको सबलीकरण गर्ने। | ८.३.१ प्रदेश स्तरमा प्रदेश भाषा आयोग, विज्ञान तथा प्रविधि प्रतिष्ठान, साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठान, आदीवासी तथा जनजाती उत्थान प्रतिष्ठान जस्ता प्राज्ञिक आयोग तथा प्रतिष्ठानहरूको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ८.३.२ प्रदेशभित्र सञ्चालन हुने प्रतिष्ठानहरूलाई निश्चित मापदण्ड तयार पारी सबलीकरण र विकास गरिनेछ। |

**शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र , पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ९. शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरूलाई थप व्यवस्थित बनाउने। | ९.१ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालनको मापदण्ड र अभिलेख व्यवस्थित गर्ने। | ९.१.१ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालनको लागि निश्चित मापदण्डको विकास तथा अद्यावधिक गरी अनुमति प्रदान गरिनेछ।<br>९.१.२ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने संस्था वा निकायहरूको प्रोफाइल तयार गरिनेछ। |
| | ९.२ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरूको नियमन गर्ने। | ९.२.१ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गरी त्यस्ता संस्था वा निकायहरूको नवीकरण गर्ने मिलाइनेछ।<br>९.२.१ शैक्षिक परामर्श सेवा, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा तथा ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने संघ/संस्थाहरूले लिने शुल्कको नियमनका लागि निश्चित मापदण्डको विकास गरी कार्यान्वयन गरिनेछ। |

**जनशक्ति व्यस्थापन र शैक्षिक सुशासन**

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| १०. सबै तह र प्रकारका शिक्षण | १०.१ मानव संसाधनको प्रक्षेपण | १०.१.१ समुन्नत प्रदेश निर्माण गर्न आवश्यक मानव संसाधनको प्रक्षेपण गरी प्रदेश |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| संस्था तथा शैक्षिक निकायमा आवश्यक जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गरी पेशागत उत्तरदायित्व र जवाफदेहितामार्फत समग्र शिक्षा प्रणालीमा सुशासन कायम गर्ने । | गरी जनशक्ति उत्पादन र क्षमता विकासमा सबलीकरण गर्ने। | जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१०.१.२ मानव संशाधन विकासका लागि विश्वविद्यालय र तालिम तथा रोजगार प्रदायक सङ्घ/संस्था मार्फत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१०.१.३ माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूमा शिक्षकलाई खोज, अनुसन्धान कार्यमा सहयोग गर्नका लागि एक छुट्टै शैक्षिक अनुसन्धान एकाइ (Educational Research Cell) को व्यवस्था गरी अनुसन्धानमुखी शिक्षण सिकाइ क्रियाकलापहरूमा जोड दिइनेछ।<br>१०.१.४ शैक्षिक संस्थाहरूको असल अभ्यास र सिकाइ अनुभव आदान-प्रदानका लागि स्पष्ट मापदण्ड बनाई आन्तरिक तथा अन्तरदेशीय शैक्षिक अवलोकन भम्रण, कार्यशाला, सेमिनार, तालिम र सम्मेलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१०.१.५ स्वदेश तथा विदेशको अनुभव आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थासँग भगिनी सम्बन्ध राख्न आवश्यक प्रबन्ध मिलाइनेछ।<br>१०.१.६ समुन्नत प्रदेश निर्माणका लागि आवश्यक सबै प्रकारका मानवीय जनशक्ति परिपूर्तिको सहजीकरणका लागि सफ्टवेयरमा आधारित जनशक्ति बैङ्क निर्माण गरिनेछ।<br>१०.१.७ स्थानीय तहको सहकार्यमा आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा विषयगत शिक्षकको अभाव परिपूर्ति गर्न निश्चित मापदण्ड बनाई शिक्षक व्यवस्थापनमा सहजीकरण गरिनेछ।<br>१०.१.८ शिक्षा तालिम केन्द्रलाई विस्तार गरी प्रदेशभित्रका साविकका शैक्षिक तालिम केन्द्रमार्फत तालिमका कार्यक्रम तथा पेशागत विकास सहयोग संयन्त्रको विकास गरिनेछ।<br>१०.१.९ शिक्षकलाई अध्ययन अनुसन्धान तथा उपल्लो शैक्षिक योग्यता बृद्धिका लागि स्थानीय तहलाई सहजीकरण गरी छात्रवृत्ति, फेलोसिप वा अन्य सुविधा सहित प्रोत्साहन कार्यक्रम लागु गरिनेछ।<br>१०.१.१० विद्यालयलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि जिम्मेवार बनाउन सहजीकरण गरिनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | १०.१.११ प्रदेशस्तरीय शिक्षा प्रणालीको सबलीकण र विकासको लागि सेवा निवृत्त शिक्षक, कर्मचारी एवम् विषयगत विज्ञता भएका व्यक्तिहरूको विज्ञता र अनुभवलाई प्रयोग गर्न प्रबुद्ध समूह (Think Tank) को निर्माण र परिचालन गर्ने व्यवस्था मिलाइनेछ । |
| | १०.२ शिक्षण पेशालाई मर्यादित र आकर्षक बनाई शिक्षकको पेशागत विकास र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने । | १०.२.१ विश्वविद्यालयबाट उत्कृष्ट अङ्क वा ग्रेड प्राप्त गरेका मेधावी जनशक्तिलाई शिक्षण पेशामा भित्र्याउन आवश्यक प्रोत्साहन गरिनेछ ।<br>१०.२.२ सङ्घीय कानुनको अधीनमा रही शिक्षक तथा विद्यालय कर्मचारीहरूको सेवा, सुविधा र वृत्ति विकासका लागि निजामती र विश्वविद्यालय सेवा सरहको स्पष्ट मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>१०.२.३ सार्वजानिक पद धारण गरेका पदाधिकारी, कर्मचारी र शिक्षकका छोराछोरीहरूलाई सार्वजनिक विद्यालयमा पढाउनका लागि स्थानीय तहलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाईनेछ ।<br>१०.२.४ शिक्षकको पेशागत सहयोग तथा विद्यालय सुपरीवेक्षणको लागि शिक्षक सहयोग अधिकृत (Teacher Support Officer-TSO) को व्यवस्था गरी आवश्यकता अनुसार विषय विज्ञ समूह गठन मार्फत शिक्षकको पेशागत सहयोग गर्न कार्यविधि तयार गरी स्थानीय तहलाई कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।<br>१०.२.५ आधारभूत तह कक्षा १-५ का शिक्षकहरूको क्षमता विकास र प्रमाणीकरण तालिम सम्बन्धित स्थानीय तहले चाहेमा प्रदेश शिक्षा तालिम केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिने प्रबन्ध मिलाइनेछ ।<br>१०.२.६ प्रदेश शिक्षक सेवा आयोगको स्थापनाका लागि शिक्षक सेवा आयोगलगायतका सङ्घीय निकायहरूसँग समन्वय गरी सो मार्फत स्थायी शिक्षकको नियुक्तिका सम्पूर्ण प्रक्रियाहरू सञ्चालन र कासमूको आधारमा हुने बढुवाका लागि हाल भइरहेको मापदण्डमा पुनरावलोकन गरी अगाडी बढ्न आवश्यक प्रकृया अगाडी बढाइनेछ । |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | १०.२ शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउने र नेतृत्व क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने। | १०.२.१ शैक्षिक संस्थाको नतिजामूलक र उत्तरदायी नेतृत्वका लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।<br>१०.२.२ शैक्षिक संस्थाको प्रशासनिक नेतृत्व गर्ने जनशक्ति तथा व्यवस्थापकीय निकायहरूलाई नेतृत्वसीपसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>१०.२.३ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापक र स्थानीय तहबीच प्रत्येक शैक्षिक सत्रको शुरुमा कार्य सम्पादन करार गर्ने र त्यसका लागि आवश्यक सूचक निर्माण गर्न स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराइनेछ।<br>१०.२.४ सामुदायिक विद्यालयहरूमा तहगत दरबन्दी, उपल्लो शैक्षिक योग्यता र क्षमताका आधारमा प्रधानाध्यापक छनोट तथा नियुक्तिका लागि स्थानीय तहको क्षमता विकास गरिनेछ। |
| | १०.३ नतिजामूलक र व्यावहारिक संयन्त्रको विकास गरी अनुगमनलाई व्यवस्थित र सुदृढ बनाउने। | १०.३.१ सूचकमा आधारित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण प्रणालीको विकास गरी शिक्षण संस्था र शिक्षाको गुणस्तर विकास गरिनेछ।<br>१०.३.२ निरीक्षणबाट प्राप्त सूचनाको विश्लेषण गरी निष्कर्षलाई शैक्षिक संस्थाको सुधारका लागि प्रयोगमा ल्याइनेछ।<br>१०.३.३ स्थानीय तह समेतको सहभागितामा नियमित, आकस्मिक र आमन्त्रित अनुगमन प्रणालीको विकास गरिनेछ।<br>१०.३.४ शिक्षण संस्थाको नियमित अनुगमन तथा प्रगति प्रतिवेदनका लागि सूचना तथा सञ्चार प्रविधिका साधनहरू र प्रविधिमा आधारित सफ्टेवर विकास गरी कार्यान्वयन गरिनेछ।<br>१०.३.५ शिक्षण संस्थाहरूको पारदर्शिताका लागि डिजिटल प्रणाली तथा E-Governance को विकास गरी कार्यान्वयन गरिनेछ।<br>१०.३.६ निरीक्षण र अनुगमनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा विकास गरी शिक्षकलाई स्वःमूल्याङ्कन (गर्दै-सिक्दै) गर्ने  प्रणालीको विकास गरिनेछ।<br>१०.३.७ विद्यार्थी तथा अभिभावकको गुनासो सुन्ने संयन्त्रको विकास गरी कार्यान्वयन |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ। <br>१०.३.८ प्राविधिक धार सञ्चालित विद्यालय तथा प्राविधिक शिक्षालयहरूको अनुगमन तथा निरीक्षण सम्बन्धित विषयको विज्ञसहितको संयुक्त संयन्त्रबाट गर्ने व्यवस्था मिलाइनेछ। |
| | १०.४ प्रादेशिक एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको (PIEMIS) विकास र कार्यान्वयन गर्ने। | १०.४.१ सङ्घीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको (IEMIS) सँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रदेशको शैक्षिक तथ्याङ्क व्यवस्थित गर्न प्रदेशस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको (PIEMIS) विकास गरी कार्यान्वयनमा ल्याइनेछ। <br>१०.४.२ उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने शिक्षण संस्था तथा सम्बद्ध निकाय वा सरोकारवालाहरूलाई पुरस्कृत गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (PIEMIS) लाई प्रयोगमा ल्याइनेछ। <br>१०.४.३ वार्षिक रूपमा प्रदेशको समग्र शैक्षिक सूचना तथा तथ्यांकहरूको सङ्कलन, विश्लेषण तथा अद्यावधिक गरी प्रदेशको शैक्षिक झलक प्रकाशनमा ल्याइनेछ। |
| | १०.५ जनशक्तिलाई पेशाप्रति जिम्मेवार, उत्तरदायी र जवाफदेही बनाउन आचार संहितामार्फत सुशासन अभिवृद्धि गर्ने। | १०.५.१ शिक्षा क्षेत्रमा काम गर्ने जनशक्तिलाई दलीय आवद्धतारहितको प्राज्ञिक जनशक्तिका रूपमा विकास गर्ने गरी पेशागत आचार सहिंता, मापदण्ड तयार गरी लागू गरिनेछ। <br>१०.५.२ गाँउ/नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक नतिजाप्रति जवाफदेही बनाउन स्थानीय तहलाई सहजीकरण गरिनेछ। <br>१०.५.३ शिक्षक प्रशिक्षक सक्षमता प्रारुपको आधारमा शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गरी पेसागत जवाफदेहिताको विकासका लागि स्थानीय तहको क्षमता विकास गरिनेछ। <br>१०.५.४ नागरिक वडापत्र, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक आचार संहिता जस्ता कुराहरूलाई शिक्षण संस्थाहरूमा व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ। |

| नीति | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | १०.५.५ सामाजिक जिम्मेवारी अन्तर्गत विपद् व्यवस्थापन तथा सङ्कटासन्न अवस्थाको व्यवस्थापनसम्बन्धी सामाजिक जिम्मेवारी तथा जनसेवा गर्ने कार्यमा स्थानीय तह तथा शिक्षण संस्थाहरूलाई प्रोत्साहन गरिनेछ। |

**शैक्षिक लगानी र स्रोत व्यवस्थापन**

| नीति | रणनीति | कार्यनीतिहरू |
|---|---|---|
| ११. शिक्षामा लगानी वृद्धि गरी कार्यक्रमहरूको पुनर्संरचना गर्दै नतिजाका आधारमा स्रोत व्यवस्थापन गर्ने। | ११.१ शिक्षाक्षेत्रमा आवश्यक बजेटमा वृद्धि गर्ने। | ११.१.१ प्रदेश सरकारले आफ्नो वार्षिक बजेटवाट शिक्षा क्षेत्रतर्फ कम्तीमा १० प्रतिशत बजेट विनियोजन गर्ने नीति अबलम्बन गर्नुका साथै स्थानीय तहलाई समेत सोही प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजनका लागि सहजीकरण गरिनेछ।<br>११.१.२ वैदेशिक सहायता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा लगानी वृद्धि गरिनेछ।<br>११.१.३ सामुदायिक विद्यालयमा अभिभावक तथा समुदायबाट प्राप्त हुने नगद, जिन्सी तथा श्रमसँग सम्बन्धित सहयोग तथा योगदानलाई आवश्यक कार्यविधि बनाई शैक्षिक लगानी वृद्धि गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>११.१.४ उच्च शिक्षाको लगानी लागत साझेदारी (Cost-sharing) र लागत आपुरण (Cost recovery) को सिद्धान्तमा आधारित हुनेछ। |
| | ११.२ शिक्षा क्षेत्रका आवश्यकताहरू पूरा गर्न प्रदेश शिक्षा विकास कोष र स्थानीय शिक्षा विकास कोषको स्थापना गरी परिचालन गर्ने। | ११.२.१ अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वियन, उच्च तथा प्राविधिक शिक्षा व्यवस्थापनको लागि मापदण्डको विकास गरी प्रदेश स्तरमा शिक्षा हेर्ने मन्त्रालयको मन्त्रीको अध्यक्षतामा हुने प्रदेश शिक्षा विकास कोष खडा गरिनेछ र उक्त कोषमा अन्तर सरकारी, गैरसरकारी सङ्घ/संस्था, निजी क्षेत्र, दाताहरूबाट प्राप्त हुने सहयोग तथा रकमलाई एकीकृत गरिनेछ।<br>११.२.२ विद्यालय शिक्षाका कार्याक्रम कार्यान्वयनका लागि स्थानीय तहका प्रमुखको |

| नीति | रणनीति | कार्यनीतिहरू |
|---|---|---|
| | | अध्यक्षतामा स्थानीय शिक्षा विकास कोष खडा गर्न प्रोत्साहित गरिनेछ। |
| | ११.३ शिक्षा क्षेत्रका कार्यक्रमको पुनर्संरचना गरी साझेदारीका कार्यक्रमलाई वृद्धि गर्ने र कार्यक्रममा दोहोरोपनलाई हटाउने। | ११.३.१ वार्षिक रूपमा कार्यक्रम विकास गर्दा समुदाय, स्थानीय तथा प्रदेशको साझेदारीमा हुने तथा गुणस्तरीय सिकाइ सुधारको लागि लक्षित कार्यक्रमलाई जोड दिइनेछ र कार्यक्रम मार्गदर्शन विकास गर्दा उक्त कुरालाई साझेदारीमा सम्पन्न हुने कुरा उल्लेख गरिनेछ।<br>११.३.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट गरिने कार्यक्रमहरूको बजेटलाई प्रदेशको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।<br>११.३.३ सार्वजानिक, पर्ति, ऐलानी तथा अन्य प्रकृतिका जग्गामा सञ्चालन भइरहेका शिक्षण संस्थाहरूको नाममा उक्त जग्गा दर्ताका लागि आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ।<br>११.३.४ सामुदायिक वा धार्मिक वन क्षेत्रअन्तर्गत पर्ने कुनै खेल मैदान, चउर वा बाल उद्यानहरू समेत सम्बन्धित विद्यालयको नाममा दर्ताका लागि सहजीकरण गरिनेछ।<br>११.३.५ सङ्घ/संस्था, उघोग तथा वित्तीय निकायहरूबाट सामाजिक उत्तरदायित्व अन्तर्गत वितरण हुदै आएको रकमलाई मापदण्ड बनाई थप व्यवस्थित गरिनेछ।<br>११.३.६ वार्षिक रुपमा कार्यक्रम वितरण तथा कार्यान्वयन गर्दा विगतमा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट छनोट भएका विद्यालयहरूको सूची अध्ययन गरी दोहोरोपना हटाइनेछ। |
| | ११.४ शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनको प्रगतिलाई स्थलगत अनुगमनका आधारमा नतिजाहरूको प्रमाणीकरण (Deliverable Verification) प्रणालीको विकास गरी बजेटको उच्चत्तम उपयोगको अभ्यासलाई कार्यान्वयन गर्ने। | ११.४.१ शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनको प्रगतिलाई निश्चित स्थलगत अनुगमनका आधारमा नतिजाहरूको प्रमाणीकरण (Deliverable Verification) प्रक्रिया अपनाई कार्यक्रम सम्पन्न तथा भुक्तानी हुने व्यवस्था मिलाइनेछ।<br>११.४.२ प्रदेश र स्थानीय तहको संयुक्त अनुगमन संरचना निर्माण गरी कार्यक्रमको गुणस्तरीयता सुनिश्चितताको प्रवन्ध गरिनेछ। |

## ९. संस्थागत व्यवस्था

कोशी प्रदेश शिक्षा नीति, २०८२ कार्यान्वयनका लागि मौजुदा शैक्षिक संरचनाहरू सामाजिक विकास मन्त्रालय, मनमोहन विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रतिष्ठानहरू, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रहरूको महत्त्वपूर्ण भूमिका रहनेछ। यो नीति कार्यान्वयनका लागि प्रदेशको शिक्षा योजना निमार्ण गर्नुका साथै आवश्यक कानुन तथा निर्देशिकाहरूको विकास गरिनेछ। यसमा मूलतः निम्न कार्यहरू गरिनेछ।

क. सङ्घीय सरकार मातहतका शैक्षिक निकायहरूसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ।

ख. स्थानीय तहसँग समन्वय र सहकार्यका साथै आवश्यक सहजीकरण एवम् प्राविधिक सहायता उपलब्ध गराइनेछ।

ग. शिक्षा तालिम केन्द्रलाई स्तरोन्नति गरी प्रदेश शैक्षिक जनशक्ति विकास केन्द्रक◌ा र◌ूपमा विकास गरिनेछ र शैक्षिक तालिम केन्द्रहरू विस्तार गरिनेछ।

घ. विद्यालय तह कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (SEE) व्यवस्थापन तथा शिक्षा विकासका अन्य गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन तथा अनुगमनको प्रबन्धका लागि शिक्षा विकास निर्देशनालयलाई सबलीकरण गरिनेछ।

ङ. सङ्घीय सरकारअन्तर्गत रहेका शिक्षा विकास तथा समन्वय इकाइहरूलाई प्रदेशको पनि कार्यक्रम कार्यान्वयन तथा सहजीकरणका लागि आवश्यक व्यवस्था मिलाउन सङ्घीय सरकार समक्ष पहल गरिनेछ।

च. नीति कार्यान्वयनका लागि अन्तरसरकारी निकायहरूबीच उच्च समन्वय तथा सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ।

छ. संरचनात्मक क्षमता विकासका लागि वार्षिक रूपमा शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू तयार गरी लागू गरिनेछ।

ज. प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

झ. शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकासको प्रारूप तयार गरी कार्यान्वयन गर्न स्थानीय तहसँग समन्वय गरिनेछ।

## १०. आर्थिक पक्ष

कोशी प्रदेश शिक्षा नीति, २०८२ कार्यान्वयन गर्न आवश्यक वित्तीय व्यवस्थापनका लागि सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। प्रदेशको आफ्नै वित्तीय स्रोतको योजनाबद्ध परिचालन गर्नुका अतिरिक्त स्थानीय तहसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ। यसै गरी निजी र सहकारी क्षेत्रको परिचालन गरी शैक्षिक कार्यक्रम कार्यान्वयनमा सार्वजनिक-निजी-साझेदारीको नीतिलाई प्रोत्साहित गरिनेछ। शिक्षामा समुदायको योगदानलाई प्रोत्साहन गर्दै शिक्षा विकासका लागि व्यक्ति, समुदाय, सङ्घ/संस्था र अभिभावकहरूबाट स्वेच्छिक रूपमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ। प्रदेशको शैक्षिक विकासमा वैदेशिक सम्बन्धको विस्तार र सहायता आकर्षण गरी वैदेशिक सहायतालाई वृद्धि गरिनेछ।

## ११. कानुनी व्यवस्था

कोशी प्रदेश शिक्षा नीति, २०८२ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ :

- नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संङ्घीय कानुन, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा कोशी प्रदेश शिक्षा नीति, २०८२ को परिधिभित्र रही शिक्षा सम्बन्धी प्रदेश कानुन तर्जुमा गरी लागू गरिनेछ।
- विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्थापन, सहुलियत ऋण, वैदेशिक शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा लगायतका विषयमा आवश्यक कानुनी व्यवस्था मिलाइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन, व्यवस्थापन एवं नियमनका लागि नियमावली निर्माण गरीकार्यान्वयनमा ल्याइनेछ।
- उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि विश्वविद्यालय ऐनले गरेको व्यवस्थालाई कार्यान्वयन गर्नुका साथै सङ्घीय कानुनले व्यवस्था गरे बमोजिमका कार्यलाई अगाडि बढाइने छ।
- स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि उक्त तहबाट कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सहयोग र सहजीकरण गरिनेछ।
- कोशी प्रदेश शिक्षा नीति, २०८२ कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- कोशी प्रदेश शिक्षा नीति, २०८२ कार्यान्वयनका लागि प्राथमिकता तोकी नीति स्वीकृत भएको एक वर्षभित्र सामाजिक विकास मन्त्रालयले नीति कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ।
- कोशी शिक्षा नीति, २०८२ कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा आवधिक समीक्षा गरी प्रभावकारिता ल्याउन सामाजिक विकास मन्त्रीको अध्यक्षतामा उच्च स्तरीय संयन्त्र निर्माण गरिनेछ।

## १२. अनुगमन तथा मूल्याङ्कन

कोशी प्रदेश शिक्षा नीति, २०८२ को कार्यान्वयनको समग्र स्थितिको मूल्याङ्कन वार्षिक तथा आवधिक रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ । त्यसै गरी सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र अन्य निकायहरूले आ-आफ्नो जिम्मेवारीभित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने छन्। यी निकायका अतिरिक्त प्रदेश नीति तथा योजना आयोग र स्थानीय तहले आफ्नो क्षेत्रभित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने छन्। विश्वविद्यालयहरू तथा प्रदेश मातहतका शैक्षिक निकायहरूले आफ्नो क्षेत्राधिकार भित्रका कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने छन् । नीतिको अनुगमन तथा मूल्याङ्कनका लागि अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी सूचकहरूको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

## १३. जोखिम तथा जोखिम न्यूनीकरण

प्रदेश शिक्षा नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरूपणका उपायहरू अवलम्बन गरिनेछ । कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू देहाय बमोजिम हुनसक्ने आँकलन गरिएको छ ।

**जोखिमहरू**

- तीन तहका सरकारबीच प्रदेश शिक्षा नीति कार्यान्वयन गर्ने क्रममा समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु चुनौतीपूर्ण रहने देखिन्छ ।
- स्वशासित निकायका पदाधिकारीहरू, विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरू र शैक्षिक सरोकारवालाहरूको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्नेछ ।
- प्रदेश शिक्षा नीति कार्यान्वयनका लागि प्रदेश सरकारसँग रहेका जनशक्ति र संरचनाहरू अपर्याप्त हुनसक्ने देखिन्छ ।
- प्रदेश सरकारले शिक्षा क्षेत्रको सुधारका लागि आफ्नो स्रोतबाट पर्याप्त बजेट विनियोजन गर्ने अवस्था नभई अन्य क्षेत्रलाई प्राथमिकता दिएमा यो नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्नेछ ।
- निजी क्षेत्रलाई कान ुन बमोजिम परिचालन गर्ने व्यवस्था मिलाई सार्वजनिक-निजी-साझेदारीको नीतिका आधारमा निजी क्षेत्रबाट शिक्षामा गरिने लगानी र प्रदान गरिने सेवा आकर्षक बनाउन नसकिएमा जोखिम रहन सक्नेछ ।
- प्रदेश शिक्षा नीति कार्यान्वयनमा आवश्यक दक्ष जनशक्ति व्यवस्थापनका लागि प्रदेशभित्र रहेका सङ्घीय र प्रदेश एवम ् सरकारी तथा गैरसरकारी जनशक्तिको व्यवस्थित रूपमा परिचालन गर्न समेत जोखिम रहन सक्ने अवस्था देखिन्छ ।

**जोखिम न्यूनीकरणका सम्भावित उपायहरू**

- प्रदेशक ो शैक्षिक संरचना, स्थानीय तह एवम ् निजी तथा सार्वजनिक क्षेत्रका विज्ञ जनशक्ति परिचालन गर्ने गरी प्रदेशको शिक्षा हेर्ने मन्त्रीको संयोजकत्वमा **प्रदेश शिक्षा समन्वय समिति गठन** गरी समन्वय र सहकार्यको वातावरण सिर्जना गरिनेछ ।
- प्रदेश शिक्षा नीति कार्यान्वयनका लागि सम्बद्ध स्थानीय तह, शैक्षिक सरोकारवालाहरू र निजी तथा सार्वजनिक क्षेत्रलाई नीति कार्यान्वयनका लागि **अन्तरक्रिया र प्रबोधीकरणबाट** अपनत्वको भावना सिर्जना गरी जिम्मेवार बनाइनेछ र त्यसको नेतृत्वको लागि प्रदेश शिक्षा समन्वय समितिलाई प्रदान गरिनेछ ।
- कार्यबोझ र जनशक्तिको बीचमा तालमेल मिलाउन मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अत्यावश्यक जनशक्ति उपलब्ध गराइनेछ ।
- सार्वजनिक, सहकारी र निजी क्षेत्रको लगानी र सहकार्यलाई सुनिश्चित गर्न उनीहरूलाई प्रोत्साहित गर्ने रणनीति अवलम्बन गरिनेछ ।

- सरकारमा हुने फेरबदलले नीतिको कार्यान्वयनमा असर पर्न नदिन सम्बद्ध सबै कर्मचारीको नीति तर्जुमा र कार्यान्वयनका प्रत्येक चरणमा संलग्नता सुनिश्चित गरिनेछ।
- प्रदेश शिक्षा नीतिका प्रमुख सुधारका क्षेत्र र अपेक्षित नतिजा पहिचान गरी प्रदेश शिक्षा योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ।

## १४. नीति परिमार्जन तथा संशोधन

प्रदेश सरकारले आवश्यकता अनुसार शिक्षा नीति परिमार्जन तथा संशोधन गर्नेछ। तथापि यसको पुनरावलोकन हरेक पाँच वर्षभित्र गरिनेछ। नीतिमा राखिएको विषयवस्तुको व्याख्या र पुष्ट्याइँ सामाजिक विकास मन्त्रालयले गर्नेछ।

## १५. खारेजी र बचाउ

देहाय बमोजिमका नीतिहरू खारेज गरिएको छ:

- .........................
- .........................
- ...............